# अध्याय एक

# अध्ययनको पृष्ठभूमि

## १.१ परिचय

कुनै एकले अर्काको इच्छा विपरीत गर्ने वा गराउने शारीरिक, मानसिक तथा यौनजन्य व्यवहार वा यातनालाई हिंसाका रुपमा बुझ्ने गरिएकोछ । यस्तो हिंसा जुनसुकै बेला जहाँ पनि र जो कसै विरुद्ध जुनसुकै वर्गबाट हुने गर्दछ । गालीगलौज, कुटपिट, झैझगडा, यातना, दुर्व्यवहार, आदि हिंसाका विभिन्न स्वरुपहरु हुन् जसले जुनसुकै तहका व्यक्ति, परिवार वा समुदायहरुलाई भावनात्मक रुपले गम्भीर चोट पुर्‍याउने गर्दछ । व्यापकरुपले परिभाषित गर्नुपर्दा महिलाविरुद्धको हिंसाभित्र यौन दुर्व्यवहार र यातना, बेचबिखन, बलात्कार, हाडनाता, करणी, यौनजन्य अपराध, दाइजो र दुलहीको मोलतोल , घरेलु, हिंसा, महिलाहरूमाथि हातपात, वैवाहित बलात्कार, छोराको चाहनाले भ्रूणहत्या, परम्परागत हिंसा (बालविवाह, बहुपत्नीप्रथा, बहुपति-प्रथा, दुलही जलाउने, जारीप्रथा, देउकी प्रथा, वादीप्रथा, झुमाप्रथा र बोक्सी परम्परा), मानसिक यातना, गाली गलौज, लैङ्गिक विभेद इत्यादि पर्दछन् । यस्ता हिंसाबाट खासगरी महिलाहरु बढी मात्रामा पिडीत हुने गरेको पाइन्छ (पौड्याल, २०६७) ।

नेपाली समाजको सामाजिक संरचनालाई अध्ययन गर्ने हो भने महिलाहरूको हैसियत हरेक क्षेत्रमा पुरुषको तुलनामा न्यून रहेको छ । कूल जनसङ्ख्याको ५१.०४ प्रतिशत हिस्सा ओगटेका महिलाहरू समाज र राज्यका हरेक क्षेत्रमा उनीहरूको उपस्थिति न्यून छ (CBS, 2068)। जबसम्म छोराछोरी दुवै बराबरी हुन् भन्ने मानसिकता व्यवहारमा विकास हुदैन तबसम्म महिलाहरू घरेलु हिंसाजन्य रोगबाट पिडीत भईरहने र उनीहरु सामाजिक-सांस्कृतिक, आर्थिक र शैक्षिक क्षेत्रमा पछाडि परिरहने निश्चितप्राय छ । परिवारको मुख्य ब्यक्ति पुरुष हुन्छ । उ स्वतन्त्र हुन्छ तर महिलालाई बिभिन्न कार्यभार थोपरिन्छ । हर समय परिवारको कार्यमा महिलाहरुले फुर्सद पाउदैनन् । यहि कसरालाई Jessie Bernardयसरी प्रस्ट्याउछिन-" Being a house wife makes women sick"पारिवारिक दबाब र तनावले गर्दा महिलाहरु उदास हुन्छन । परिवारमा महिला हिंसा प्रचुर हुन्छ ।

हिंसा भन्नाले भौतिक शक्तिका रुपमा शरिर वा हतियारको प्रयोग गरि मानब सम्पतिलाई असर गर्ने गरि गरिएको भौतिक आक्रमणलाई जनाउछ । सामाजिक कार्यमा श्रीमान श्रीमति तथा बावुआमा र छोराछोरी विचको घरेलु सम्बन्धको शारीरिक शक्तिको निर्धारक तत्व संगठित गर्ने क्षमता हुन्छ ।

महिलाहरू परिवारका सदस्यहरूबाट नै शारीरिक, मानसिक र भावनात्मक रूपमा बढि पीडित हुने गरेका पाइन्छ । घरभित्र हुने अधिकाशं हिंसा गाली गलौच, भावनात्मक चोट पुग्ने भनाइ र व्यङ्ग्यात्मक छेडहानी, कपाल समातेर तान्ने, विष सेवन गर्न बाध्य पारिने, पासो लगाउने, शरिर जलाएर वा अन्य रसायन प्रयोग गरेर कुरूप बनाइदिने, यौनाङ्गमा चोट पुऱ्याउने, जबरजस्ती यौनसम्पर्क राख्ने, अनिच्छित गर्भाधारण गर्न बाध्य तुल्याउने वा गर्भ तुहाउन बाध्य पारिने, छोरी मात्र जन्माएको वा सन्तानै नभएको आदि बहानामा सौता ल्याई पहिलो पत्नीलाई घरको सामान वा सम्पतिको प्रयोगमा बन्देज लगाउने, प्रथा परम्पराको नाममा घरको नियमित व्यवहारबाट बञ्चितिकरण गर्ने, जबरजस्ती विवाह गर्न बाध्य पार्ने, वालविवाह लगायत बेचबिखन गर्ने आदि रहेको पाइन्छ । यी व्यवहारहरू विभिन्न बहानमा घरका महिला वा पुरूष, नजिकको नातेदारहरूबाट एक्ला एक्लै वा सामुहिक रूपमा हुने गरेको मात्र नभइ अन्य मानिसहरूबाट पनि पारिवारीक विवादको समाधान वा अंहकारको तुष्टि पुरा गर्न वा चोरी डकैती गर्न आउने वा उपचारको बहानामा समेत महिलाहरूलाई लक्षित गरी हिंसाजन्य काम गरेको पाइन्छ । कमजोर स्वास्थ्य स्थिती भइ घरको काम गर्न नसकेको, दाइजो नल्याएको, भनेको काम तुरून्त नगरेको आदि बहानमा महिलाहरूमाथि हिंसात्मक आक्रमण हुने गरेका पाइन्छ (भण्डारी, २०६६) ।

आमाको रुपमा महिलाको स्थान सम्भावित वा आमाको रुपमा सामाजिक सांस्कृतिक रुपले पनि महिलालाई उच्च सम्मान दिएको छ । तर श्रीमतीको रुपमा अपमानित भएर रहनु परेको छ । बुहारीको रुपमा महिलाहरुको जीवन कष्टप्रद नै छ । श्रीमानेको दासीको रुपमा पतिलाई नै परमेश्वर मानेर बस्नु पर्ने धार्मिक सास्कृतिक मान्यता रहेको छ । दिदि बहिनिको रुपमा महिलाको स्थान सम्मानित नै छ । दिदि बहिनिलाई पवित्रता संग जोडेर हेर्ने गरेको पाइन्छ । प्रसिद्ध समाजशास्त्री Bennettले पुष्टि गरेका छन् । कुमारीलाई पवित्रता तथा शुद्धता संग जोडेर हेरिन्छ भने सन्तान जन्माउने कार्यलाई प्रदुषण संग जोडिएको छ ।

महिला विरुद्ध हुने हिंसाका घटनाहरु कतिपय ठाउँमा नयाँ-नयाँ र जटिल अभ्यास् भित्र लुकेर अदृश्यरुपमा रहेका हुन्छन् र अचानक कुनै समयमा दृष्टिगोचर हुन आउँछन् । महिलामाथि हुने घरेलु हिंसा भन्नाले घरभित्र हुने कुनै पनि प्रकारका लैगिक हिंसा भन्ने बुभिन्छ जस्अन्तर्गत शारीरिक, मानसिक तथा यौनजन्य दुर्व्यवहारहरुलाई लिन सकिन्छ । जसमा कुट्नु, पिट्न, हातहतियार तथा कुनै बस्तुले हिर्काउनु, पाखुरा निमोठ्नु, अश्लील शव्दको प्रयोग गरी गाली गर्नु, संवेदनशील अंगमा हात हाल्नु, टोक्नु वा अन्य कुनै शारिरीक यातना दिनु, घाइते पार्नु, सम्पत्तिमा क्षति पुर्याउनु, खान लाउन नदिनु, साथीभाई आफन्तसँग भेट्न नदिनु वा जुनसुकै अवस्थामा बेवास्ता गर्नु आदि भन्ने बुभिन्छ(UNICEF, 2006) ।

महिलाहरू घरभित्र वा घरबाहिर गर्नका लागी सुरक्षित वातावरण हुनु भनेको आधारभुत मानव अधिकार संग जोडिन्छ । यद्यपी प्राचिन नेपाली सामजिक प्रकृया अनुसार यस्तो हुन सकिरहेको छैन कारण यो की महिला विरूद्धको हिंसाले नेपाली समाज पनि अछुतो छैन जसले सामाजिक विकास र महिला विकासमा बाधकको रूपमा रहेको छ । महिला विरूद्धको हिंसा पुरूष प्रधान परिवारसंग जोडिएको साधारण कुरा बन्न गएको छ जुन नेपाली सामाजको पितृसत्तात्मक संरचनाले स्पष्ट गर्दछ । धेरै किसिमका हिंसाहरू निम्न आर्थिक अवस्थाका कारणले निम्त्याउने गर्छ । जहाँ महिलाहरू आर्थिक रूपमा कमजोर छन् उनीहरूको आफ्नो बैकल्पिक सुरक्षाको बाटो नहुँदा पीडित हुने गरेका पाइएको छ । पीडितहरू प्राय युवतीहरू र जो आत्माविश्वासको कमी भएका हुन्छन् त्यस्ता पीडितहरू साधारणतया फरक र नकारात्मक ढंगबाट सहयोग पाउने आशामा पीडित हुन पुग्दछन् । महिला पीडितहरू जो हिंसाबाट ग्रसित छन् मात्रै तिनीहरूलाई व्यवसायीक परामर्शको आवश्यकता छैन तर तिनीहरूलाई कानुनी मनोबैज्ञानिक र सामाजिक प्रकिृयाबाट साथ मिल्ने किसिमको सहयोगको खाँचो छ (Ahuja Ram, 1998)।

घरेलु हिंसा आफ्नै घरपरिवारभित्र एक पुरुषले महिलामाथि, महिलाले महिलामाथि गर्ने दुर्व्यवहार हो, जुन शारीरिक मानसिक र यौनजन्य हुन सक्छन् वा सबै किसिमका पनि हुन सक्छन् । श्रीमानले श्रीमतीलाई पिट्नु, सासूले बुहारीलाई शोषण गरी दुर्व्यवहार गर्नु, बुहारीले सासूलाई प्रताडना, दुर्व्यवहार गर्नु, खान लाउन नदिनु, घोचपेच गर्नु, धम्की वा डर त्रास दिनु, गाली गलौज गर्नु छोराले आमालाई घरबाट निकाल्ने, आदर नगर्ने, सदभाव

नराख्ने, सल्लाह नगर्ने, निर्णयमा सहभागी नगराउने भेदभाव गर्ने आदि घरेलु हिंसामा पर्दछन्।

आधुनिक विकसित समाजको परिवेशमा भन्नु पर्दा र समयले आधुनिकतामा पाइला टेकी सक्दासम्म पनि महिलाको अवस्थामा खासै परिवर्तन आएको देखिंदैन । प्राचीनकालदेखि अहिलेसम्ममा महिलाहरू सबै तिरबाट अपहेलित छन् । प्राचिनकालमा घरेलु कामकाजसम्म सिमित महिला र आधुनिककालकी कामकाजी महिलाको अवस्थामा खासै अन्तर देखिँदैन । अझै भन्नुपर्ने हो भने प्राचिनकालकी महिलाहरू घरको कामकाजमा मात्र सिमित थिइन् भने अहिले बाहिर काम गरी घर फर्कने महिलाहरू दोहोरो भारमा परेका छन् । एकै घरका महिला पुरुष दुबै जागिरे भएको अवस्थामा भने पुरुषले घरपुगी थकाई मार्ने अवस्था देखिन्छ भने महिलाले आइसके पछि पनि तुरुन्तै घरको कामकाज भ्याउनु पर्ने स्थिति हुन्छ । स्कूलबाट एकैचोटी फर्केको दिदी र भाई मध्ये भाईलाई आराम गर्ने र दिदीले भाईलाई नास्ता पकाई खुवाउने अवस्था छ । यसरी उमेरको जुनसुकै अवस्थामा महिलाहरूले पुरुषहरू भन्दा धेरै काम गर्नुपर्ने हुन्छ । तर पनि बिडम्बनाको कुरा यो छ कि हाम्रो समाजमा आज पनि महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन सकिएको छैन । महिलाप्रतिको भेदभावपूर्ण व्यवहार तथा उनीहरूको दयनीय सामाजिक अवस्थालाई ध्यानमा राखी महिलाको लागि विशेष कानूनको निर्माण गरिनु तर्फ केही पहल भएको तथा सोही तथ्यलाई ध्यानमा राखी महिलाको लागि विशेष कानूनको निर्माण गरिन सक्ने व्यवस्था नेपाल अधिराज्यको अन्तरिम संविधान २०६३ मा पनि गरी दिएको हुँदा महिलाको अवस्थामा परिवर्तन ल्याउन न्यायिक सक्रियता त देखाएको छ तर पनि न्याय प्रदान गर्न सकिन्छ सकिन्न यो कुरा अन्यौल नै छ ।

आधुनिक विकसित समाजको परिवेशमा भन्नु पर्दा र समयले आधुनिकतामा पाइला टेकी सक्दासम्म पनि महिलाको अवस्थामा खासै परिवर्तन आएको देखिँदैन । हाम्रो नेपाल जस्तो विकासोन्मुख देशमा महिलाहरू माथि हुने घरेलु हिंसा बढीरहेको छ ।

हिंसा कुनै पनि मानिसमाथि गरिएको शारीरिक, मानसिक यातना,गालीगलौज, कुटपिट, झैझगडा, दुर्व्यवहार, आदि हुन् । हिंसा महिला, पुरुष, वालवालीका जसका विरुद्धमा पनि हुनसक्छ । साथै हिंसा गर्ने कार्य पनि महिला पुरुष जुनसुकै वर्गबाट पनि हुन सक्छ । यस अध्ययनमा खासगरी महिला विरुद्ध हुने घरेलु हिंसाको चर्चा गरिएको छ । यस

अध्ययनका क्रममा महिलाप्रति हुने गरेको घरेलु हिंसाका स्वरुप तथा कारणहरु खोज्ने प्रयास गरिएको छ ।

समष्टिगत रुपमा भन्नु पर्दा महिलाहरू शारीरिक, मानसिक, सामाजिक, धार्मिक र कानूनी रुपमा नै हिंसाका शिकार भएका हुन्छन् । महिलाहरू माथिको हिंसा बाहिरी पक्षबाट मात्र नभई घरभित्रका व्यक्तिबाट समेत हुने गरेको पाइन्छ ।

## १.२ समस्याको कथन

छोरी, श्रीमती, आमा, बुहारी अीद जस्ता विभिन्न प्रकारका भूमिका निर्वाह गर्ने महिलाले विकास प्रक्रियामा पुरुष सरहकै भूमिका निर्वाह गर्दछ । त्यस्ता व्यक्तिले समाजमा महिला भएका कारणले गर्दा भोग्नु परेका पिर, मर्का, यातना तिनीहरूमाथि हुने गरेका हिंसा नै यहाँ अध्ययन गर्न खोजिएको छ । अन्धविश्वास प्रथा, परम्पराका कारणले गर्दा महिला माथि हिंसात्मक व्यवहार गरिएकोछ । सामाजिक परिवेशका कारण त्यस्ता हिंसात्मक व्यवहारलाई सहेर बस्ने गरिएकोछ । महिला वर्गबाट पनि नेपालको रुढीवादी सामाजिक परिवेश तथा महिला शिक्षाको अभाव जस्ता कारणले गर्दा बिकट ठाउँमा मानवताको पराकाष्ठा नाघेको छ । महिला विरुद्धको हिंसाले विद्यमान समस्याको समाधानार्थ न्यायिक प्रकृया अगाडि बढाउने ऐन नियमको निर्माण हुने, महिलालाई तुलनात्मक रुपमा केही सहुलियत दिने जस्ता पक्ष न्यायिक क्षेत्रमा पाइन्छ । तर पनि ऐन नियमहरू कडाइका साथ लागु हुन सकेको पाइदैन ।

त्यस्तै देउकी प्रथा (मन्दिरमा आफ्ना इच्छापूर्तिका लागि कन्या चढाउने परम्परा) देउकीले विवाह गर्न पाउँदिनन्, मन्दिरमै जीवन विताउनु पर्दछ । यस्तै छाउपडी प्रथा सुदूर पश्चिमका केही जिल्लामा पाइन्छ । महिनाबारी , गर्भावस्थाको समयमा अँध्यारो कोठा वा गाई गोठमा राख्ने, अरुले नहेर्ने र नछुने चलन नेपाली समाजमा रहेको पाइन्छ । यहाँको परम्परागत मान्यता, अन्धविश्वास र रीतिरिवाजका कारण महिलाहरू सुत्केरी हुँदा ९-१० दिन र रजस्वला हुँदा पाँच दिनसम्म गोठमा बस्नुपर्ने प्रचलन विद्यमान छ । त्यस अवधिमा गोठमा बसेका महिलालाई छोएमा सुनपानीले शुद्ध गरेर नुहाएपछि मात्र घरभित्र पस्ने चलन छ । महिलाहरू सुत्केरी र रजस्वला हुँदा घरभित्र राखेमा कुलदेवता रिसाउँछन् भन्ने मान्यताका कारण हालसम्म सो प्रथाको अन्त्य हुन नसकेको बताइएको छ । सुदूरपश्चिमका पहाडि जिल्ला दार्चुला, डडेलधुरा, डोटी,अछाम, बझाङ र बाजुराका अधिकांश ठाउँमा व्यापक पाइएको छ । यस्ता संस्कारले गर्दा महिला हिंसा सहेर वस्न बाध्य छन् ।

नेपाल पितृसत्तात्मक समाजमा आधारित देश भएकोले पुरुषहरूको स्थान महिला भन्दा उच्च रहँदा महिला माथि बढी हिंसा हुने गरेका पाइन्छ । प्रारम्भिक युग देखि नै महिला विरुद्धको हिंसाको सुरुवात भएको पाइन्छ । महिलाहरूलाई प्राचिन युगदेखि नै भोगविलास तथा मनोरञ्जनको साधनका रुपमा प्रयोग गर्ने गरेको प्रमाण हाम्रा धर्मशास्त्र तथा धार्मिक ग्रन्थमा उल्लेख भएको पाइन्छ । आज पनि प्रत्यके घर महिला माथि हुने हिंसाको प्रसङ्गले भरिएको छ । महिला दिदीबहिनीले कहिले छोरी, कहिले दिदी त कहिले आमा र भाउजु भएर आफ्नो दायित्व पूरा गर्दागर्दै पनि पुरुषहरूद्वारा पिडित हुनु पर्दछ । २१औं शताव्दीमा आइपुग्दासम्म पनि समाजले महिलाहरूलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन सकेको छैन । आजपनि जुन महिलाले समाजले चाहेको मूल्यहरू, आदर्शहरूको पालना गर्दछ, नम्र, लजालु,, सहनशिल, रुपवती, दुःख कष्टमा पनि केही नबोल्ने प्रतिब्रतता, घर परिवारको सेवामा आफ्नो जीवन सर्मपर्ण गर्ने जस्ता व्यवहार देखाउँछ भने त्यस्तालाई उच्च प्रशंसा गरेको देखिन्छ र यसको विपरित आफ्नो खुट्टामा उभिन चाहने, आफ्नो हक अधिकारका लागि लड्ने र परिवारमा आफ्नो हैसियतलाई वृद्धि गर्न कोशिस गर्ने महिलाहरूलाई सधैं पछाडि पार्ने कोशिस गरेको हुन्छ । यस्तै व्यवहारबाट प्रत्येक परिवारमा महिला माथि पुरुषले गाली गलौज, कुटपिट तथा मानिसक र शारिरीक यातना दिएर हिंसाको सिर्जना गरेको पाईन्छ ।नेपाली समाज पित्तृसतात्मक पारिवारिक ढाँचामा भएको कारण महिलाहरु दोस्रो दर्जाको नागरिकको तहमा बस्न बाध्य हुनु परेको छ (Bennet, 1983)।

सृष्टिको मूल स्रोत नै नारी हुन उनीहरूको अभावमा सिङ्गो समाजको कल्पना गर्न सकिदैन । समाजमा जे जति जोखिम र चुनौतिपूर्ण कार्य पुरुषशक्तिले गर्दै आएको छ । ती सबै काम नारीशक्तिले पनि गर्दै आएका  छन् । निः सन्देह सृष्टिको प्रारम्भिक प्रक्रियादेखि नै समाज निर्माण, विकास र सुधार लगायत यावत गतिविधिमा नारीको स्थान एक पाइलो अघि नै रहदै आएको छ । अपेक्षाकृत बढी संवेदनशील र इमानदार हुने भएकोले कतिपय पुरुषशक्तिले गर्न नसकेको काम समेत नारी शक्तिबाट हुँदे आएको छ । सँगसँगै बाह्य कामबाट फर्केका पति पत्नीमध्ये गृहकार्यमा को अगाडि बढ्छ हामी मध्ये धेरैले देखे भोगेको कुरा हो । त्यति हुँदा हुँदै पनि हाम्रो यहाँ महिला नै किन बढी शोषित, पीडित र अपहेलित हुँदै आएका छन् ।

नारीहरू त्यागकी प्रतिमूर्ति मात्र होइनन बढी सहनशील पनि छन् । जन्मघरलाई चटक्क छोडेर पराईघरलाई आफ्नो बनाउने खुबी राख्ने महिलाहरूले एकैसाथ कतै पत्नीको भूमिका निर्वाह गरेका हुन्छन् भने कतै सासू, बुहारी, आमा, छोरी, देउरानी, जेठानी, नन्द आमाजुको भूमिका निर्वाह गर्न पनि भ्याएकै हुन्छन । उनीहरूको यही त्याग, ममता र सहनशीलता आदि प्रकृति सुलभ गुणलाई कमजोरी ठानेर शोषण र दमनको शृङ्खला सुरु भएको हो भन्दा किमार्थ हिच्किचाउन पर्दैन । साथै महिला शोषण दमनको कुरा गर्दा प्रायः पुरुषलाई दोष दिने गरिन्छ तर यस मामिलामा पुरुषभन्दा महिलाकै स्थान एक पाइलो अगाडि छ ।

त्यसैले साँच्चिकै महिला हकहितको कुरा गर्ने हो भने र महिला उत्थानको प्रयास गर्ने हो भने आदर्श नारा र भाषणमा मात्र भर पर्ने होइन हरेकले विचार र व्यवहारमै परिवर्तन ल्याउने प्रयास गर्नुपर्दछ । अन्तर्राष्ट्रिय महिला दिवस यसपाली पनि सदा झैं नारीहकहितबारे आवाज उठेको छ र नारा, भाषण, गोष्ठी र सेमिनारको कर्मकाण्ड पनि पूरा भएको छ । आधा आकाश र आधा धर्ती ढाक्ने नारी समाज शताब्दीऔं देखि पछि पर्दै आएको छ । संयुक्त राष्ट्रसंघको आह्वानमा मनाउन थालिएको नारी दिवसले निकै समय पार गरिसकेको छ र सम्भवतः प्रत्येक वर्ष यसैगरी नारी हकहितबारे आवाज पनि उठेको छ । तैपनि केही सहरिया पढेलेखेका टाठाबाठा नारीबाहेक अधिकांश नारीको अवस्था अहिले पनि जस्ताको तस्तै छ । अब यसको अन्त्य हुनुपर्दछ भन्ने जस्ता नेताहरूको मिठो स्वर पनि सुन्न पाइन्छ । घाँस, दाउरा, डोको, नाम्लो, चुलोचौको आदि घरधन्दाको कामबाट उनीहरूले फुर्सद यसै पनि पाएका छैनन नै दाइजोका नाममा जिउँदै जल्नुपर्ने र बोक्सीको आरोपमा अमानवीय ढङ्गले प्रताडित हुनुपर्ने सम्मको नियतिसम्म भोग्दै आएका छन् ।

जतिबेलासम्म समग्ररुपमा नारी आफै अग्रसर हुँदैनन् त्यतिबेलासम्म जति नै नारी दिवस मनाए पनि र ती सबै कुरामै मात्र सीमित हुन्छन् जुन विगतमा हुँदै आएको छ भन्ने कुरालाई बिर्सनु हुँदैन । बिडम्बना अहिले पनि महिलाको घरभित्रको हिंसा गर्ने ठाउँमा हुने हिंसालाई सम्बोधन गर्ने कानुन छैन, भएका कानुनको प्रचारप्रचार छैन । भएका कपितय कानुन अझ अपर्याप्त वा विभेदपूर्ण छन् । फेरि परिवर्तीत कानुन र समाज सँगसँगै जानसक्ने वातावरण सिर्जना गर्न सकेको छैन । मान्यता, मूल्य र सोचमा परिवर्तन नभएसम्म कानुन परिवर्तन हुँदैन । कानुनको कार्यान्वयनका लागि राज्यले स्रोत साधनको सुनिश्चितता गर्नसकेको छैन । कानुन कार्यान्वयन गर्ने निकायको पूर्वाग्रही पन हटेको छैन

महिला आयोग संवैधानिक आयोगको रुपमा आएको छैन । न्यायको पहुँच सरल, सुव्यवथित हुन सकेको छैन ।

महिलाहरू घरबाट बाहिर निक्लनु हुँदैन भन्ने हिन्दू सामाजिक सांस्कृतिक मान्यतालाई अँगालेर बसिरहे महिला स्थिति वा हैसियत कहिल्यै सुध्रदैन । त्यसैले यो पुरातनवादी विचारबाट माथि उठेर सोच्नु पर्ने बेला आएको छ ।

नेपालमा महिला विरुद्धको हिंसालाई भड्काउने मुख्य तत्वहरु हाम्रा समाजमा विद्यमान पितृसतात्मक मुल्य र मान्यताहरु, बालिकाको न्यून सामाजिक प्रतिष्ठा, चरम गरिवि, शिक्षा र चेतनाको कमी, वाल-विवाह, बहु विवाह तथा संस्कृति र परम्परा नै हुन् । महिला विरुद्ध हिंसाको रुपमा घरेलु हिंसा एक कष्टकर हिंसा हो । यस्ता हिंसाको जाहेरी एकदम कम पर्नै हुदाँ अपराधको संख्या आँकलन गर्न गाह्ो छ । छोरा पाउन नसक्दा श्रीमानेले अर्को विवाह गर्ने जस्ता महिला माथि हुने गरेका मानसिक यातनाका घटनाहरु पनि याहाँ थुप्रै छन् । यस्ता महिला माथि हुने गरेको विभिन्न खालका घरेलु हिंसा शिक्षित परिवारमा भन्दा ग्रामिण तथा निरक्षर परिवारमा वढि मात्रामा घरेलु हिंसाको शिकार हुने गरेको पाइन्छ ।

वास्तवमा शारिरीक यातनालाई मात्र हामी हिंसा मान्न सक्दैनौं । मानसिक धार्मिक तथा कानूनी रुपमा भएका यातनालाई पनि हिंसा कै कोटीमा राखेर अध्ययन गरिएको पर्ने हुन्छ । प्रस्तुत अध्ययनमा भिमदत्त नगरपालिकामा बसोबास गर्ने महिलाहरूले कस्ता प्रकारका हिंसाबाट पिडित हुने गरेका छन्, उनीहरूले भोगीरहेका हिंसाका कारणहरू के के हुन उनीहरूको सामाजिक, आर्थिक पृष्ठभूमी कस्तो रहेको छ भन्ने तथ्यलाई मुख्य समस्याको रुपमा अध्ययन गरिएको छ । अर्को वाक्यमा भन्दा यो अध्ययन निम्न प्रश्नहरुको उत्तर खोज्नमा केन्द्रित रहेको छ :

- महिला विरुद्ध हुने घरेलु हिंसाका स्वरुप तथा प्रकारहरु के के हुन?
- महिला माथि घरेलु हिंसा र सामाजिक, आर्थिक पृष्ठभूमी कस्तो रहेको छ ?
- घरेलु हिंसाका कारणले महिलाहरुलाई कस्तो प्रकारको असर पारेको छ ?

## १.३ अनुसन्धानको उद्देश्य

शिक्षा, स्वास्थ्य, रोजगारी, नीति निर्माण तथा नेतृत्व तह आदिमा महिलाको पहुँच पुऱ्याउन आवश्यक छ । महिलावर्गलाई शिक्षित एवं जागरुक बनाउन अति आवश्यक

भइसकेको अवस्थामा पनि उनीहरूप्रति गरिएको हिंसात्मक व्यवहारका कारण उनीहरूको सामाजिक अवस्थामा परिवर्तन हुन नसकेको देखिन्छ । साधारणतया यस अनुसन्धानको उद्देश्य कञ्चनपुर जिल्लाको भिमदत्तनगर नगरपालिकामा बस्दै आएका महिलाहरू माथि हुने घरेलु हिंसाका सम्बन्धमा अध्ययन गर्ने छ । यस अध्ययनको मूल उद्देश्य महिलाप्रति हुने गरको घरेलु हिंसाका स्वरुप र सो को कारणहरूको अध्ययन गर्नु रहेको छ । तसर्थ यस अध्ययनका निम्न विशिष्ट उद्देश्य रहेका छन् ।

- महिला माथि हुने गरेको घरेलु हिंसाको स्वरुपर त्यसको कारणहरुको पहिचान गर्ने ।
- घरेलु हिंसाबाट पिडित महिलाहरूको सामाजिक तथा आर्थिक तत्वहरुको सम्बन्ध अध्ययन गर्ने ।
- घरेलु हिंसाले महिलामा पारेको असरको अध्ययन गर्ने ।

## १.४ अध्ययनका महत्व

विश्व जगतका सबै समाज र संस्कृतिमा महिला पुरुष भन्दा पछाडी परेका छन् । हुन त मानव सभ्यताको शुरुवात देखि नै पुरुष महिला भन्दा हरेक क्षेत्रमा अगाडि नै रहेको पाइन्छ । कुनै पनि समाज र संस्कृतिको सिर्जना महिला पुरुष विना हुन सक्दैन भने त्यहि समाज तथा संस्कृतिले महिलालाई दमन र शोषित तुल्याएको हुन्छ । जसको मुलकारण पितृसत्तात्मक समाज हो । हाम्रो समाजमा स्थापित विभिन्न संस्थाहरु, परिवार जाति व्यवस्था, जनजाति आदिमा पनि एकले अर्को वर्ग विशेषलाई कुनै न कुनै रुपमा दमन र शोषण गर्ने गरेको पाइन्छ । जहाँ पुरुषले महिलालाई निर्ममता पूर्वक कुटपिट, दमन र शोषण गर्ने गरेको पाइन्छ । लैङ्गिक आधारमा भन्ने हो भने विभिन्न समाज र संस्कृतिमा पुरुषले महिलालाई दमन गरेका छन् । समाजमा पुरुषको सर्वेसर्वा बोलवाला छ । जसले गर्दा महिलालाई इच्छा अनुसार क्रियाकलाप गराउन बाध्य तुल्याइएको छ । अर्थात महिला उपर पुरुषले खुल्ला रुपमा हैकमबाद चलाएको छ ।

नेपाली समाज र संस्कृतिको संरचना पितृसतात्मक मुल्यमा आधारित भएको हुनाले महिलाहरुलाई घर बाहिर आउने खालको सहज वातावारण बन्न सकेको पाइदैन भने घरमा पनि महिलाको स्थिति दबिएको अवस्थामा पाइन्छ । हाम्रो समाजमा महिलाको स्थिति नाजुक कष्टप्रद रहेको कुरा जनसांख्यिक शैक्षिक, आर्थिक , राजनैतिक स्थिति, समाजिक सांस्कृतिक

र वैवाहिक स्थिति आदि बाट प्रष्ट रुपमा देखिएको छ । महिलाहरुको परम्परागत भुमिका, सामाजिक र व्यवहारिक अवस्थामा परिर्वतन आएको छैन । जसले गर्दा महिलाहरुले विभिन्न हिंसाहरुको शिकार हुनु परेको छ । अर्कातिर घरेलु हिंसा र पारिवारिक उत्पीडन सहनु महिलाको सामाजिक धर्म बनिसकेको छ । भने अर्को तिर सोझा सिधा महिलालाई आफ्नै परिवारका सदस्यले पनि आर्थिक प्रलोभनमा पारि महिलालाई बिकि गरिरहेका घटना दैनिक रुपमा पत्रपत्रिका र टि.भी. समाचारको माध्यमबाट आइरहेको छ । परिवारका सदस्यबाट हुने यौन शोषणको अलावा विभिन्न क्षेत्रबाट आफ्नो र्स्वाथ पुरा गर्न समेत चेली बेटि वेच विखन, कार्यले महिला माथि थप पिडा पुग्न गएको छ । यस्तो प्रकारको घृणित कार्यलाई रोकथाम गर्न र महिलालाई सचेत गराउन भनि विभिन्न खालका संघ संस्थाहरु खोलिएका छन् । यस्तो परिस्थितिमा सहि रुपमा महिला माथि हुने हिंसाले निकास पाउन नसकेको अवस्थामा यस सम्बन्धि हुने कुनै पनि प्रकारको अनुसन्धानको महत्व रहन जान्छ ।

वर्तमान समाज विगतको तुलनमा निकै पृथक र परिष्कृत भैसकेको छ समाज दिन प्रतिदिन सुविधा सम्पन्न भएको छ  तर विडम्बना मानिसमा चेतनाको विकास हुन सकेको छैन समाजमा महिलाप्रति घरेलु हिंसा समाजको विकास प्रविधि सगै बढि रहेको पाइन्छ । घरेलु हिंसा सबै व्यक्तिबाट मात्रै हुदैनन् केहि समाजबाट हुने गरेका पाइन्छ भने केहि राज्य वा सरकारबाट पनि हुने गरेको पाइएको छ ।

यस अध्ययनले यस पछिका अध्ययनका सम्वन्धमा वा यस्तै प्रकारको अध्ययन गर्न चाहने पक्षलाई सन्दर्भ साहित्यका रुपमा मद्दत पुग्न सक्ने छ । साथै यी वाहेकका पक्षलाई पनि महिलाको वर्तमान अवस्था बारे जानकारी पुग्न सक्ने छ । महिला सशक्तिकरणमा लागि परेका संघ संस्थाहरु महिला हिंसा विरुद्ध लाग्ने संघसंस्थाहरुका सथै निति निर्माता तथा योजना कर्ताहरुलाई सानै क्षेत्रको भए पनि महिला माथिको हिंसाको अवस्था तथा कारणहरुको जानकारी दिई सो को निवारणका निमित्त मद्दत पुग्न सक्ने अपेक्षा गरिएको छ । यस अध्ययनको महत्वलाई निम्न बुँदाहरूमा प्रष्ट्याउन सकिन्छ -

- अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक, शैक्षिक पक्षको स्थिति थाहा पाउनुका साथै महिलाहरू कसरी घरेलु हिंसाबाट पीडित छन् भन्ने कुरा थाहा पाउन सकिन्छ ।
- यो अध्ययनबाट महिलाहरू सम्बन्धी अध्ययन अनुसन्धानमा चासो राख्ने स्वदेशी, विदेशी अनुसन्धान कर्ताहरूलाई सहयोग हुनेछ ।

- यस अध्ययनबाट महिलाहरूलाई लक्षित गरेर बनाइने कार्यक्रमहरू सञ्चालनको योजना निर्माण कार्यमा सहयोग हुनेछ ।
- यस अध्ययनबाट घरेलु हिंसा पीडित महिलाहरूको बारेमा बुझ्न चाहने व्यक्ति, संस्था, योजनाकर्ता आदिलाई सहयोग पुग्नेछ ।
- यस अध्ययनबाट घरेलु हिंसा पीडित महिलाहरूको शारीरिक तथा मानसिक यातना के कस्तो छ जानकारी प्राप्त हुनेछ ।

### १.५ अध्ययनको संगठन

यस शोधपत्रमा जम्मा छ अध्याय रहेका छन् । अध्याय एकमा पृष्ठभुमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, शोधपत्रको संगठनात्मक ढाँचा रहेका छन् ।

अध्याय दुईमा सन्र्दभ साहित्यको अवलोकन रहेको छ । यस भित्र लैङ्गिकता र यसमा सामाजिक-सांस्कृतिक प्रभाव, धार्मिक र ऐतिहासिक आधार, विश्वब्यापी सन्र्दभमा र नेपालको सन्र्दभमा महिला विरूद्धको घरेलु हिंसाको अवधाराणत्मक खाका रहेका छन् ।

अध्याय तीनमा अनुसन्धान पद्धतीमा अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कहरूको स्रोत तथा प्रकृति, तथ्याङ्क संकलन विधि अन्तर्गत पनि अन्तरवार्ता, अवलोकन रहेका छन् । यसैगरी नमूना छनौट, तथ्याङ्कको प्रस्तुतीकरण र विशलेषण तथा अध्ययनको सीमाहरुबारे चर्चा गरिएको छ ।

अध्याय चारमा अध्ययन क्षेत्रको सामानय परिचयभित्र पनि अध्ययन क्षेत्रको भौगोलिक अवस्था, घरेलु, हिंसा पिडित महिलालाई हेर्ने सामाजिक संस्था-कानूनी सहयोग तथा परामर्श केन्द्रको बारे चर्चा गरिएको छ । यसैगरी उत्तरदाता महिलाको सामाजिक तथा आर्थिक पृष्ठभुमि रहेका छन् । जसअन्तर्गत जनसंख्या, परिवारको प्रकार, जातिगत विवरण, शैक्षिक अवस्था, आर्थिक अवस्था, वैवाहिक स्थिति तथा उत्तरदाता महिलाप्रति गरिने घरेलु हिंसाको बेलाको विवरण पनि चर्चा गरिएको छ ।

अध्याय पाँचमा उत्तरदाता महिलाले भोगेका हिंसाको प्रकार, कारण र असरहरु रहेका छन् । उक्त अध्यायभित्र महिला विरूद्धको हिंसा, घरेलु हिंसाका प्रकारहरू, कारण र असरहरु तथा महिला विरूद्ध हिंसा सम्बन्धी उत्तरदाता महिलाहरूको धारणाबारे चर्चा गरिएको छ ।

अध्याय छ मा सारांश, प्राप्ति र निष्कर्ष रहेका छन् ।

# अध्याय दुई

# सन्दर्भ साहित्यको पुनरावलोकन

हिंसा भनेको कुनै पनि व्यक्तिलाई दिइने यातना, पीडा, दुःख र अमानवीय व्यवहार हो जुन शारीरिक वा मानसिक दुबै किसिमको हुनसक्छ जुन मानिसमा रहेका अन्धविश्वास, सामाजिक लिङ्गभेद आदिका कारण हिंसाले प्रोत्साहन पाउँदछ । यस्ता प्रकारका हिंसा घरभित्र वा बाहिर दुबै ठाउँमा हुन सक्छ ।

परम्परागत दृष्टिकोणबाट केवल बलात्कार र यौन दुर्व्यवहारलाई महिला विरुद्ध हुने हिंसाको रुपमा लिइन्छ तर हिंसाभित्र धेरै कुराहरू पर्दछन् बालविवाह, बहुविवाह, जवरजस्ती विवाह, जवरजस्ती करणी, चेलिवेटी बेचबिखन, गर्भपतन, अनमेल विवाह, दाइजो प्रथा, छाउपडी प्रथा यी सबै महिला विरुद्ध हुने हिंसाका कारक तत्वहरू हुन् ।

सामाजिक लिङ्ग भेदको आधारमा गरिएको सम्पूर्ण कार्यहरू जसबाट महिलालाई Physical Sexual / Psychologicalरुपमा आघात पुग्छ वा डर, धाक, धम्की प्रयोग गरी महिलाको स्वतन्त्रता हनन गरिएकोछ भने वा व्यक्तिगत वा सामाजिक जीवनमा त्यसो गरिएकोछ भने त्यो महिला विरुद्धको हिंसा हो(Beijing Declearation,1995) ।

## २.१ सैद्धान्तिक अवधारणा

समाजमा महिलामाथि हुने पीडाको तह पनि फरक फरक हुने कारण वृहत् संरचनाभित्र बसेर समुदायका जाति, प्रजाति, लिङ्ग, अर्थव्यवस्था आदि सबैको प्रभावलाई लैङ्गिक सवालको रूपमा वुझ्नु पर्दछ भन्ने धारणा रहेको छ (Ritzer, 1996) ।

परम्परागत दृष्टिकोणबाट केवल बलात्कार र यौन दुर्व्यवहारलाई महिला विरुद्ध हुने हिंसाको रुपमा लिइन्छ तर हिंसाभित्र धेरै कुराहरू पर्दछन् बालविवाह, बहुविवाह, जवरजस्ती विवाह, जवरजस्ती करणी, चेलिवेटी बेचबिखन, गर्भपतन, अनमेल विवाह, दाइजो प्रथा, छाउपडी प्रथा यी सबै महिला विरुद्ध हुने हिंसाका कारक तत्वहरू हुन् । सामाजिक लिङ्ग भेदको आधारमा गरिने सम्पूर्ण कार्यहरू जसबाट महिलालाई Physical Sexual/Psychological रुपमा आघात पुग्छ वा डर, धाक, धम्की प्रयोग गरी महिलाको स्वतन्त्रता हनन गरिन्छ भने वा व्यक्तिगत वा सामाजिक जीवनमा त्यसो गरिन्छ भने त्यो महिला विरुद्धको हिंसा हो (Beijing Declearation, 1995) ।

महिलाहरू आफ्नै घरभित्र पिटिन्छन्, बलात्कृत हुन्छन्, जर्वजस्ती देहव्यापारमा लगाइन्छ, यौनदासको रुपमा राखिन्छ, जर्बजस्ती गर्भवती बनाइन्छ, बाल विवाह, अनमेल विवाह विधवा प्रतिको दुर्व्यवहार आदि पनि घरेलु हिंसा अन्तर्गतका हिंसाहरू हुन (थपलिया २०५८)

महिलाले माइती र घर दुबै ठाउँबाट सम्पत्तिको हिस्सेदार बन्न नसक्ने भएकोले गर्दा महिलाहरूको विवाह पश्चात् सामाजिक, आर्थिक, धार्मिक तथा निर्णायक भूमिकामा महिलाको स्थिति कमजोर भएको पाइन्छ । (विनेट १९८३)

समाजमा ८०% भन्दा बढी हिंसा र अपराध महिला कै विरुद्ध हुने गर्दछ । त्यस्ता प्रकारका हिंसामा घरायसी हिंसा, कुटपिट, प्रताडना, दाइजोको कारण हत्या, बालिका भ्रुण हत्या, यातना आदि रहेका छन् । समाजमा तुलनात्मक रुपमा पुरुष भन्दा महिला नै हिंसाको शिकार बन्दै आएको पाइन्छ (दाहाल वि.सं. २०५८) ।

त्यस्तै महिलासंग सम्बन्धित सवालहरूलाई मुखरित गर्ने विभिन्न अन्तर्राष्ट्रिय महिला सम्मेलनहरु भएका छन् । प्रथम विश्व महिला सम्मेलन सन् १९७५ जुन २ देखि जुलाईमा मेक्सिकोमा भएको थियो भने दोस्रो, सन् १९८० जुलाई २४ देखि ३० गतेसम्ममा कोपनहेगनमा भएको थियो । दोस्रो विश्व महिला सम्मेलनले महिलाका लागि स्वास्थ्य, रोजगारी र शिक्षाको अनिवार्यता, र विकास कार्यमा महिला सहभागिता, आर्थिक सुधारबाट महिलाको अवस्था सुध्रिने रणनीति र प्रत्येक तहमा हुने दमन, शोषण र विभेदका कारकतत्व खोज्ने प्रयत्न गऱ्यो । केन्याको राजधानी नैरोवीमा सन् १९८५ को जुलाई १५ देखि २६ सम्म सम्पन्न तेस्रो विश्व महिला सम्मेलनले महिलाहरूलाई रोजगारीको अवस्था सम्वद्धन गर्ने, स्वस्थ्यको अवस्थामा सुधार ल्याउने, पुरुष सरह शिक्षा प्रदान गर्ने र कानुनी विद्यमान भेदभाव हटाउने जस्ता कुराको निर्णय गऱ्यो । विश्वलाई महिलाको दृष्टिबाट हेरौं भन्ने मूल नारा लिएर बेइजिङमा सम्पन्न चौथो विश्व महिला सम्मेलन ४ देखि १५ सेप्टेम्वर सन् १९९५ मा भएको थियो । यस सम्मेलनले महिला सरोकारका १२ वटा विषय पहिचान गरी तिनको प्रभावकारी कार्यान्वयनका लागि प्रतिवद्धता जाहेर गऱ्यो र ती विषय अन्तर्गत छुट्टाछुट्टै रणनीति, लक्ष्य तथा कार्यक्रम वनाएको थियो (UN,1995) ।

Bhasin, (1993) ले महिलालाई पितृसत्तात्मक समाजले गर्ने गरेको हिंसालाई महिलाको सामाजिक अवस्थाको दयनिय स्वरुपको रुपमा उल्लेख गरेको पाइन्छ । उनका

अनुसार समाजमा पुरुषहरु प्रधान भएकै कारणले महिलाहरूलाई होच्याउने, नियन्त्रणमा राख्ने, शोषण गर्ने जस्ता अमानविय ब्यवहार गरिन्छ । महिला माइती र घर दुवै ठाउँबाट सम्पतिको हिस्सेदार वन्न नसक्ने भएकाले गर्दा महिलाको विवाह पश्चात् सामाजिक, सांस्कृतिक, आर्थिक र धार्मिक निर्णायक भूमिकामा महिलाको स्थिति कमजोर भएको पाइन्छ ।

Acharya (1997) ले समाजमा भेदभाव तथा उचनिचको भावनाको विकास हुनुमा शिक्षाको कमी रहनुलाई एक प्रमुख कारक ठान्दछन् । उनका अनुसार शिक्षा एउटा दियो हो जसले अन्धकारलाई हटाई उज्यालो बनाउछ । एक पुरुषको शिक्षा त्यही व्यक्तिलाई नै हो भने नारी शिक्षा एउटा त्यस्तो दियो हो जसले सम्पूर्ण परिवारलाई नै उज्यालो बनाउछ । त्यसकारण महिलाहरुका लागि शिक्षा नितान्त आवश्यक हुन्छ । यही शिक्षाले नै समाजमा मानिसहरुबीच रहेको उचनिचको भेदभावलाई कम गर्न सघाउँ पुर्याउदछ ।

अध्ययनको सैद्धान्तिक अवधारणा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.१.१ लैङ्गिकता र यसमा सामाजिक,सास्कृतिक प्रभाव

यस लैङ्गिक शब्द महिला र पुरुषको सामाजिक सम्बन्धित रहेको छ । समाजले नै महिला र पुरुषले के गर्ने के नगर्ने बारे पद तथा भुमिका निर्धारण गरको हुन्छ । यसैले लैङ्गिकतालाई सामाजिक लिङ्ग पनि भन्ने गरिएकोछ । समाज तथा परिवारमा महिला र पुरुषले सामाजिकरण प्रकृया अनुसार विभिन्न कुराहरु सिक्दछन् । समाज र संगठनमा कस्तो व्यवहार गर्ने भन्ने बारे जान्दछन् । यसरी नै समुदायले सामाजिक सांस्कृतिक व्यवस्थापनलाई आधार बनाएर महिला पुरुषको भुमिका निर्धारण गरेको हुन्छ । समाज, जाति, उमेर, वर्ग समुह अनूसार महिला र पुरुषका प्रकृति, व्यवहार, मुल्य मान्यता फरक फरक रहेका हुन्छन् । महिला र पुरुषका यिनै मुल्य, मान्यता, व्यवहार र समुदाय तथा सामाजिक सांस्कृतिक इकार्यहरु द्धारा महिला पुरुषले सम्पादन गर्ने भनी निर्धारण गरेका काम कर्तव्य जिम्मेवारीहरुलाई लैङ्गिकता भनिन्छ । मुख्यतः महिला र पुरुषले गर्ने सामाजिक, सास्कृतिक, आर्थिक मनोवैज्ञानिक, राजनैतिक भुमिका, मुल्य मान्यतालाई नै लैङ्गिकता भनिन्छ ।

यसै सन्दर्भमा फैङ्क मगिल द्धारा सम्पादित समाजशास्त्रको अन्तराष्ट्रिय शब्दकोषमा भनिएको छ कि लिङ्ग महिला र पुरुषमा रहने शारिरिक विशेषताका आधारमा छुट्टाइन्छ । जस्तै : महिला र पुरुषमा रहने यौन अंगहरु जहाँ लैङ्गिक सामाजिक रुपमा फरक छुट्टाइन्छ ।

जसमा महिलाबाट समाजले राखेको अपेक्षा तथा पुरुषबाट समाजले राखेको अपेक्षा अथवा भूमिकालाई जनाउँछ ।

यसै गरि कमला भासिन भन्छिनः प्रत्येक व्यक्तिमा स्त्रीत्व र पुरुषत्वको गुण हुन्छ । तर समाजले केटी भित्र लुकेको पुरुषत्व र केटा भित्र लुकेको स्त्रीत्वलाई बाहिर आउन अर्थात मौलाउन दिदैन ।

समाजिक संस्थाको रुपमा लैङ्गिकता एक प्रकृया हो । जसले दायित्व तथा अधिकारलाई सामाजिक सम्वन्धका आधारमा बाडेको हुन्छ । यस्तो बाँडफाँड असमान रहेको छ । लैङ्गिक सम्वन्धी समाजमा निमार्णको महत्वपूर्ण आधार हो तर यसको संरचना असमान रहेको छ ।

विश्वव्यापी रुपमा लैङ्गिक असमानता भएको पाइन्छ । 'Gender' भन्नासाथ सामाजिक, साँस्कृतिक रुपले निर्माण भएको अवधारणा हो । र हरेक समाजमा महिला पुरुषले निर्वाह गर्नुपर्ने भूमिका फरक-फरक निर्धारण गरिएको हुन्छ । समाजद्वारा निर्मित सामाजिक लिङ्ग जन्मजात विभेद भएर आएको होइन महिलालाई अधीनस्थ गराउने पितृसतात्मक सामाजिक संरचनाको सोच हो (Bhasin, 1993) ।

लैङ्गिक विभेदका कारण महिला र पुरुष विच रहेका भेदभावहरुलाई वा व्यवहारहरुलाई नै लैङ्गिक हिंसा भनिन्छ । जस्तै बोक्सिको आरोप,बहुबिवाह, दाईजो प्रथा,श्रमितिले छोरो नपाउनु आदी उदाहरणलाई लैङ्गिक हिंसाका रुपमा लिन सकिन्छ । समाजमा महिलामाथि हुने पीडाको तह पनि फरक फरक हुने कारण वृहत् संरचनाभित्र बसेर समुदायका जाति, प्रजाति, लिङ्ग, अर्थव्यवस्था आदि सबैको प्रभावलाई लैङ्गिक सवालको रूपमा वुझ्नु पर्दछ भन्ने धारणा रहेको छ ।(Ritzer, 1996).

महिलाहरू आफ्नै घरभित्र पिटिन्छन्, बलात्कृत हुन्छन्, जर्वजस्ती देहव्यापारमा लगाइन्छ, यौनदासको रुपमा राखिन्छ, जर्बजस्ती गर्भवती बनाइन्छ, बाल विवाह, अनमेल विाह विधवा प्रतिको दुर्व्यवहार आदि पनि घरेलु हिंसा अन्तर्गतका हिंसाहरू हुन (थपलिया २०५८)

महिलाले माइती र घर दुबै ठाउँबाट सम्पत्तिको हिस्सेदार बन्न नसक्ने भएकोले गर्दा महिलाहरूको विवाह पश्चात् सामाजिक, आर्थिक, धार्मिक तथा निर्णायक भूमिकामा महिलाको स्थिति कमजोर भएको पाइन्छ (विनेट १९८३) ।

समाजमा ८०% भन्दा बढी हिंसा र अपराध महिला कै विरुद्ध हुने गर्दछ । त्यस्ता प्रकारका हिंसामा घरायसी हिंसा, कुटपिट, प्रताडना, दाइजोको कारण हत्या, बालिका भ्रुण हत्या, यातना आदि रहेका छन् । समाजमा तुलनात्मक रुपमा पुरुष भन्दा महिला नै हिंसाको शिकार बन्दै आएको पाइन्छ (दाहाल वि.सं. २०५८) ।

कुनैपनि समाजको प्रगतिको मापदण्ड नारीलाई मानिन्छ । समाजमा महिलाले भन्दा अलिकति पनि बढि सुख सुविधाको अधिकार पुरुषले उपभोग गर्दछ भने त्यस समाजलाई प्रगतिशील र विकसित भन्न मिल्दैन । महिलाहरु परिवारका प्रमुख आधारस्तम्भ हुन् र परिवार समुदायको आधारशिला हो भने समुदाय एउटा राष्ट्रकै आधार हो । त्यसैले महिलालाई समाज र राष्ट्रका वास्तविक कर्णधार हुन् भन्न सकिन्छ । महिलाको सन्दर्भमा एंगेल्सको भनाई लिदै प्रश्रित (२००१) ले "सर्वप्रथम सभ्यताको बीऊ रोप्ने आइमाइहरु नै हुन् । तिनीहरुले पुरुषहरुलाई घुमन्ते जीवनबाट स्थिर जीवनमा ल्याई प्रतिष्ठापित गरे" भन्ने कुरालाई उल्लेख गरेका छन् ।

नेपाली महिलाहरुको सामाजिक, आर्थिक अवस्था जटिल छ, यसलाई एकांकी रुपमा सहजै व्याख्या गर्न सकिदैन । भौगोलिक क्षेत्र, आर्थिक अवस्था, सांस्कृतिक, तथा जातीय विभेदको विविधताले महिलाको पहुँच स्तरमा पनि फरकपना आएको हुन्छ । महिलाको परिवारभित्र निश्चित भूमिका के छ र परिवारको स्थानले सामाजिक संसारमा महिलाको भूमिकालाई निर्धारण गर्दछ।

## २.१.२ धार्मिक र ऐतिहासिक आधार

नेपाली समाज परम्परागत धार्मिक पितृसत्तात्मक पारिवारीक ढाँचा अनुसार चलेको समाज हो । अर्को शब्दमा भन्नु पर्दा वर्तमान सामाजिक संरचना पुरुषको बोलवाला भएको पुरुष समाज हो जहा पितृसत्ताले सिर्जना गरेको मूल्य, मान्यता र परम्पराबाट परिवार, समाज, समुदाय गर्दै राज्य, देश तथा विश्व नै चलिरहेको छ । जसको कारण दिनहुँ जसो पुरुषबाट कुनै न कुनै रुपमा दमित हुनु परेको छ । अर्को शब्दमा महिला पुरुषलाई एउटै सिक्काको दुईवटा पाटा वा एउटै रथको दुइवटा पाङ्गा भने पनि सिक्काको एउटा पाटो र रथको एउटा पाङ्ग्रालाई बढी महत्व दिइएको पाइन्छ । अर्थात् पुरुषको तुलनामा महिलाको उपस्थितिलाई अपहेलना गरिएकोछ ।

भारतीय समाजशास्त्र “कमला भाषिन” का अनुसार पितृसत्तामा महिला र पुरुषबीचमा शक्ति सम्बन्ध हुन्छ र पुरुष अनेक बहाना बनाएर महिलालाई सधैं आफ्नो अधिनमा राख्ने वा शोषण गर्ने गर्दछ । बोलीमा मात्र पुरुष महिला भनेको राष्ट्र निर्माणका लागि अभिन्न अङ्ग हुन भनेर भनिन्छ तर व्यवहारमा अझै उतार्न सकिएको छैन । आजपनि महिलाहरूलाई दोस्रो दर्जाको नागरिकको रुपमा हेरिन्छ । धार्मिक दृष्टिकोणबाट पनि महिला पुरुष रथका दुई पाङ्ग्राका रुपमा परिभाषित गरिएको छ । महिला र पुरुष एक अर्कोप्रति आश्रित छन् । एकको अभावमा अर्को सञ्चालन हुन नसकेको कुरा पनि धर्मशास्त्रहरूले व्याख्या गरेको पाइन्छ । यसरी धर्मग्रन्थमा समानरुपले हेरे पनि महिला विरुद्धको भेदभाव हाम्रो समाजमा जीवनचक्रको रुपमा देखा परेका छन् । हिन्दू धर्ममा देवीहरूलाई शक्ति स्वरुपाको रुपमा हेरिन्छ । पूजा अर्चना गरी जिवित देवीको रुपमा कुमारीलाई पूजा अर्चना गरिएकोछ । जसलाई महिलाको प्रतिकको रुपमा लिइन्छ, तर तिनै देवीबाट मानिसमा आईपुग्दा महिलाप्रतिको दृष्टिकोणमा फरकपन पाइन्छ ।

जुनसुकै उमेर अवस्थाको पुरुष भए पनि उनीहरुको हकअधिकार महिलाको भन्दा बढी हुने हुनाले महिलाहरूले पैत्रिक सम्पत्तिमा हकदावी गर्न सक्दैनन् । जसले गर्दा महिलाहरुलाई केवल पुरुषको खेलौनाको रुपमा लिने गर्दछन् । अझ विवाहमा कम दाइजो ल्याएको निहुँमा परिवारमा झैझगडा हुने र परिणाम स्वरुप महिलाहरुको भविश्य नै अन्धकारमा पर्ने गरेको छ । तसर्थ आर्थिक दृष्टिकोणले पनि महिलाहरू पुरुषको भोग विलास र उपभोग्य वस्तुको साधनको रूपमा प्रयोग हुदैं आएको कारण महिलाहरु हिंसा सहन बाध्य भएको अध्ययनहरुले देखाएको छ ।

मनुष्मृति अनुसार महिलाहरू वाल्यावस्थामा आमा बुबाको नियन्त्रणमा, विवाहित अवस्थामा श्रीमानको नियन्त्रणमा भने बुढ्यौली अवस्थामा छोराहरूको नियन्त्रणमा बस्नु पर्ने हुन्छ । धार्मिक उक्तिबाट पनि महिलाको अवस्था प्रष्ट हुन्छ । महिलालाई कमजोर, असक्षम र अपूर्ण व्यक्तित्वको रुपमा स्थापित गरिएको छ । अर्थ उत्पादनको क्षेत्रमा भन्दा महिलाले घरायसी कार्य, बालबच्चा स्याहार सुसार जस्ता अनुत्पादित कार्यमा संलग्न गराएको छ । समानताको अधिकारको अभाबले महिलालाई मूल्यहीन र गन्तव्यहीन बनाउँछ (Acharya, (2058)।

### २.१.३ विश्व सन्दर्भमा घरेलु हिंसा

घरेलु हिंसा मानिसहरूलाई सवै भन्दा घृणित व्यवहार हो । पिडकले हिंसा आफ्नो घरभित्र भोगछन्, जुन ठाउँमा उनले आफुलाई सवैभन्दा सुरक्षित अनुभव गर्नु पर्ने थियो। महिलाहरूमाथी हुने घरेलु हिंसा संसारभरी नै तिब्ररुपमा फैलिएको एक विश्वव्यापी समस्या हो । विभिन्न स्थानमा त्यहाँको समाज र संस्कृति अनुसार र फरक-फरक किसिमले यसले जरा गाडेको छ ।

महिला तथा बालबालिका माथि घरभित्र हुने दुर्व्ईवहार वा अत्याचार नै घरेलु हिंसा हुन् । महिलाहरू आफ्नै घर भित्र भेटिन्छन्, बलात्कार हुन्छन्, जवरजस्ती देहव्यापारमा लगाइन्छन् यौन दासको रुपमा राखिन्छन् । जवरजस्ती गर्भवती वनाइन्छन्, बाल विवाह, अनमेलवहुविवाह विधवा प्रतिको दुर्व्ईवहार आदि पनि घरेलु ह्रिंसा अन्तर्गतको हिंसाहरु हुन (थपलिया, २०५८) । प्रत्येकमा ३ मा १ महिला बाध्यात्मक शारिरीक सम्पर्कबाट ग्रसित छन् (UNDP-2005 A.D.) ।

सयुक्त राष्ट्र संघ, महिला विरुद्ध भेदभाव उन्मुलन गर्ने सिमित (CEDAW, COMMITTEE) को सिफारिस नं १९(General Recommendation No. 19) अनुसार घरेलु हिंसा भनेको महिला विरुद्धको हिंसाको सवैभन्दा पुरानो स्वरुप हो । यो सवै किसिकको समाजमा प्रचलित छ । घरेलु महिलाको स्वास्थ्यलाई खतरामा परिरहेको छ र पारिवारिक तथा सार्वजनिक जीवनमा समानताको आधारमा सहभागी हुने महिलाको क्षमतामा प्रभाव परिरहेको छ । अतः राज्य पक्षले सार्वजनिक वा निजि कुनै पनि क्षेत्रमा लिङ्गको आधारमा हुने हिंसालाई नियन्त्रण गर्न आवश्यक प्रभावकारी उपायहरू अवलम्वन गर्नुपर्छ (महीला कानून मञ्च, २०५९) ।

विश्व स्वास्थ्य संगठनले जारी गरेका एक प्रतिवेदनमा महिला हिंसा सर्वव्यापी रहेका एवम् विशेषत घरेलु हिंसाको रूपमा संसार भरी नै भयावह रहेको तर्फ इंगित गरेको छ । अझ गम्भिर कुरो के छ भने यस्ता घरेलु हिंसाहरूलाई कतिपय देश अनि समाजमा साधारण रूपमा लिने गरिएको छ । यसर्थ उक्त परिवेशमा घर नै असुरक्षित रहेको तथ्य उजागर गरिएको छ (WHO, 2005)।

महिला माथि विभिन्न किसिमका हिंसा मध्ये यौन हिंसाको मात्रा पनि कम छैनन् । भ्रुणहत्या वा शिशुहत्याबाट जोगिएर बालिकाहरू यौनावस्था तथा किशोरावस्थामा फेरी

हिंसामा परेका हुन्छन् । इन्डिया, जमैका, माली र युनाइटेड रिपब्लीक अफ तन्जानिया र जीम्बाब्वेमा गरिएको एक अध्ययन अनुसार त्यहाँका २०-३०% किशोरीहरू यौन हिंसाको शिकार भएको पाइन्छ (विश्व बैंक-२००५) । यसरी हुने यौन हिंसाको मुख्य कारण समाजमा रहेका नराम्रो प्रवृत्तीका मानिसहरूको  महिलालाई हेर्ने दृष्टिकोणमा पनि भर पर्दछ ।

विश्वका आर्थिक, सामाजिक एवम् सांस्कृतिक रूपमा विभिन्न १० राष्ट्रका २४,००० महिलाहरू सम्मिलित उक्त सर्वेक्षणले महिला हिंसा घरेलु हिंसाका विभिन्न रूपहरूको उजागर गरेको छ । सबै प्रकारका महिला हिंसाहरूमा जापानमा धेरै कम र अल्पविकसित मुलुकहरूमा धेरै हुने गरेका तथ्याङ्कले देखाएको छ । आफ्नै श्रीमान वा सो सरहको नजिकको सम्बन्धको पुरूषले गर्ने शारीरिक, मानसिक वा यौन दुर्व्यवहारमा जापानका महिला सबैभन्दा कम (१५%) तथा बंगलादेश, एथिपिया, पेरू र तान्जानियाका ग्रामिण भेगमा बस्ने महिलाहरू सबैभन्दा बढि (७१%) प्रताडित भएको उक्त सर्वेक्षणले देखाइएको छ(WHO, 2005)।

## २.१.४ नेपालमा घरेलु हिंसा

नेपालमा महिलामाथि हुने हिंसाहरूमा हाम्रा परम्परागत रूपमा रहि आएका (देउकी, झुमा, बादि, छाउपडी) प्रथाहरू विद्यमान छन् । हिंसागत रूपमा परिभाषित गर्नुपर्दा महिला माथि कसैले मानसिक रूपमा असर पार्ने किसिमले सधै गालीगलौच गर्ने, विभिन्न सामानहरू साना हतियारबाट कुटपिट गर्ने, सानै उमेरमा विवाह गारिनु, विभिन्न प्रलोभनमा परी किशोरीहरूलाई बेचबिखन गरी उनीहरू यौनजन्य क्रियाकलापमा सहभागी गराउन लगाउनु, महिलामाथि छोरा छोरी नपाएर होस वा छोराछोरी पाएको निहुमा बहुविवाह गरिदिने र उनीहरूलाई पछि सबैले हेला गरिनु साथै विवाहित नारीहरूलाई दाइजो प्रथाको नाममा विभिन्न किसिमका तनाव दिने, मानसिक रूपमा सधै हेला गर्ने किसिमका क्रियाकलापहरू महिला माथि हुने हिंसाका प्रकारहरू पर्दछन् (SAATHI, 1997)।

नेपालको सन्दर्भमा कुरा गर्ने हो भने नेपालमा महिला र छोरीबेटी जन्मबाटै कसैको अधिनमा हुन्छन् । जन्मीदा बुबाको अधिनमा, विवाहपछि श्रीमान्को अधिनमा, बुढेसकालमा छोराको अधिनमा रहन्छन् । बुबा, छोरा र श्रीमानबाट उनको जीवन शुरु हुन्छ र उनीहरूको अन्त्य पुरुष सदस्यहरूबाट नै उनीहरूका सम्पूर्ण निर्णय लिने र दिने गरिएकोछ ।घरेलु हिंसा मानिसहरूलाई सवै भन्दा घृणित व्यवहार हो ।

समाजमा ८० प्रतिशत भन्दा बढि हिंसा र अपराध महिला कै विरुद्ध हुने गर्दछ । त्यस्ता प्रकारको हिंसामा घरायसी हिंसा, कुटपिट, प्रताडना, दाइजोको कारण हत्या, वालिका भ्रुण हत्या, मानसिक र शारीरिक यातना आदि  रहेको छन् । समाजमा तुलनात्मक रुपमा पुरुष भन्दा वढि महिला नै हिंसाको शिकार वन्दै आएको पाइन्छ (दाहाल,०५८) ।

महिलाले माइति र घर दुवै ठाउँबाट सम्पतिको हिस्सेदार वन्न नसक्ने  भएकोले गर्दा महिलाहरूको विवाह पश्चात सामाजिक आर्थिक, धार्मिक, निर्णायक भुमिकामा महिलाको स्थिति कमजोर भएको   पाइन्छ  (लेन वनेट १९८३) ।

महिलालाई गरिने गालि वेइजती पारिवारिक भेदभाव, दाइजो, नल्याउका कारण गरिने भेदभाव, श्रीमान श्रीमतीको इच्छा विपरित राख्ने यौन सम्पर्क, छोरा पाउनु पर्ने वाध्यता, घरमा सवभन्दा पछि खाना खानु पर्ने चलन जस्ता सम्पूर्ण  कुराहरू र महिला हिंसामा स्वरुपहरू हुन् । यस्ता सम्पूर्ण  खाले हिंसाहरू बाट महिलाहरूको स्वास्थ्यमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पर्दछ।

प्राय: जसो यौन जन्य हिंसा भोगेका महिलाले उक्त घटना प्रहरी समक्ष पुर्‍याउदैनन् किनकि प्राय त्यस्ता मुलुकहरू जहां महिलाको कुमारित्वलाई परिवारको इज्जत संग जोडिन्छ । त्यहाँ महिलाहरूको आफ्नै वलात्कारको कुरा सार्वजनिक भएमा त्यहि वलत्कारी संग विवाह गर्न दवाव दिइन्छ (विश्व स्वास्थ्य संगठन, १९९७) ।

यौन जन्य दुव्यवहार कुनै व्यक्ति विरुद्ध यौन जन्य मनसायले गरिने अनिच्छित आचरण वा व्यवहार हो । यस्तो यौन जन्य दुव्यवहार शारिरिक मौखिक लिखित वा इशाराले जुनसुकै पनि हुन सक्छ । शारीरिक यौन जन्य चुट्किलाहरू अप्रिय कुराकानी वा ठट्टा, लैगिक, लक्षित अपमान जनक वचनहरू, अनिच्छित यौन जन्य आमन्त्रणहरू, प्रस्तावहरू वा दवाव पर्दछ । यस्तै  लिखित यौन जन्य दुर्व्इवहारभित्र यौन सम्वन्धि सामाग्री प्रर्दशन गर्नु अस्लिल वा कामुक तस्वीरहरु वस्तु वा लिखित समाग्री प्रदर्सन गर्नु आदि पर्दछ भने घुरेर हेर्नु, सुसेली वजाउने, आँखा जुधाउनु, यौन जन्य अस्लिल इशारा गर्ने आचरणहरु इशाराले गर्ने यौन जन्य दुर्व्इवहारहरू हुन् (मल्ल,२०५८)।

आचार्यले बाबु आमाले छोरीको शिक्षा भन्दा छोराको शिक्षालाई बढी ध्यान दिन्छन् किनकी छोरालाई बुढेसकालकोका सहार मानिन्छ तर छोरीलाई मइती घरको अस्थाई पाहुना मानिन्छ भनेर उल्लेख गर्नु भएको छ ।

ओरेक नेपालले आभिलेखिकरण गरेका तथा विभिन्न दैनिक पत्रपत्रिकाहरूबाट प्राप्त तथ्याङ्कका आधारमा कार्तिक महिनामा ९२ जना महिलाहरूमाथि हिंसा भएको पाइएको छ । जसमध्ये सबैभन्दा बढि घरेलु हिंसाका २६ वटा घटना रहेका छन् । ओरेक नेपालद्धारा प्रकाशित महिला हिंसा विरूद्धको वर्ष पुस्तक ‘ अन्वेषी २०११ ’ मा पनि अभिलेखिकरण गरिएका घटनाहरूमध्ये सबैभन्दा बढि ६७ प्रतिशत महिलाहरूमा घरेलु हिंसा रहेको पाइएको छ । त्यसमा पनि सबैभन्दा बढि ७४ प्रतिशत महिलाहरू आफ्नौ श्रीमानबाट हिंसामा परेका र २६ प्रतिशत परिवारका अन्य सदस्यबाट हिंसा खप्न बाध्य रहेको तथ्याङ्क पाइएको छ । महिलाहरू सबैभन्दा बढि आफ्नै घरपरिवारबाट हिंसा खेप्न बाध्य छन् भन्ने कुरालाई यस तथ्याङ्कले पनि पुष्टि गरेको छ । ( ओरेक नेपाल २०६८) ।

यौनजन्य दुर्व्यवहार कुनै व्यक्ति विरुद्ध यौनजन्य मनसायले गरिएको अनिच्छित आचरण वा व्यवहार हो । यस्तो यौनजन्य दुर्व्यवहार शारीरिक यौनजन्य, दुर्व्यवहार र भित्र अनावश्यक रुपमा छुनु, थपथपाउनु, छाम्नु, चिमोट्नु, सुमसुम्याउनु आदि जस्ता कार्य पर्दछ भने मौखिक यौनजन्य दुर्व्यवहार भित्र अश्लिल वा अपमानित टिप्पणीहरू यौनजन्य चुट्किलाहरू, अप्रिय कुराकानी वा ठट्टा, लक्षित अपमानजनक बचनहरू, अनिच्छित यौनजन्य आमन्त्रणहरू, प्रस्तावहरू वा दबाव पर्दछ । यस्तै लिखित यौनजन्य दुव्यवहार भित्र यौनसम्बन्धी सामग्री वितरण गर्नु, अश्लिल वा कामुक तस्विरहरू, वस्तु वा लिखित सामग्री प्रदर्शन गर्नु आदि पर्दछ भने, घुरेर हेर्नु, सुसेली बजाउने यौनजन्य अश्लिल इशारा गर्ने, आचरणहरू इशाराले गर्ने यौनजन्य दुर्व्यवहारहरू हुन् ।

महिला विरुद्ध हुने हिंसा परम्परागत तथा प्रमुख हिंसाका रुपमा रहेको छ । महिला विरुद्ध हुने हिंसा महिलाको सम्मान पूर्ण जीवनयापनको अधिकार विरुद्धको कार्य पनि हो । यसैले यसलाई मानव अधिकार विरुद्धको कार्य पनि भनिन्छ । जसको प्रमुख कारण समाजमा परम्परागत रुपमा विद्यमान रहेको धर्म, परम्परागत तथा कुरीती हो । जसले पितृसत्तात्मक समाजलाई प्रश्रय प्रदान गरेको छ ।महिला तथा बालबालिका माथि घरभित्र हुने दुर्व्यवहार वा अत्याचार नै घरेलु हिंसा हुन । महिलाहरू आफ्नै घरभित्र बेचिन्छन्, बलतकृत हुन्छन्, जबरजस्ती देहव्यापारमा लगाइन्छ । यौनदासका रुपमा राखिन्छन्, जबरजस्ती गर्भवती बनाइन्छन्, बालविवाह, अनमेल विवाह, बहुविवाह आदि महिला माथि हुने घरेलु हिंसाको ज्वलन्त उदाहरणहरू हुन (थपलिया, २०५८) ।

एउटी महिलाका लागि सबैभन्दा अप्रिय नाता नै सौता हो । तर छोरा नभई स्वर्ग पुगिन्न भन्ने परम्परागत मान्यताका कारणले गर्दा महिलाबाटै पनि सौता व्यहोर्न तयार रहेको अवस्था समाजमा विद्यमान रहेको पाइन्छ । कञ्चनपुर भिनपा बस्ने रतनबहादुर धामीले जेठी श्रीमतीबाट लगातार ४ ओटी छोरी जन्मिएर छोरा नभएपछि छोरा जन्माउनका लागि श्रीमानेले श्रीमतीकै मञ्जुरीमा दोस्रो विवाह गरेका छन् (अभियान दैनिक , २०७३ असाढ१४) । यसरी किशोरावस्था तथा यौनावस्थामा छोराको महत्वले गर्दा महिलाहरू सौता भित्र्याउन बाध्य छन् ।

# अध्यायतिन

# अनुसन्धान पद्धति

## ३.१ अनुसन्धान क्षेत्रको छनौट र यसको औचित्य

यस अनुसन्धान कार्यलाई मूर्तरुप दिन वा अध्ययन कार्यलाई क्रमबद्ध रुपमा अगाडि बढाउनका लागि सर्वप्रथम अनुसन्धान गर्ने उपयुक्त स्थानको छनौटको आवश्यकता पर्दछ । त्यसैले यस शोधको लागि अध्ययन क्षेत्रको रुपमा भिमदत्तनगरपालीका मा बसोवास गर्ने महिलाहरूलाई लिइएकोछ। यहाका महिला समाजिक, आर्थिक, राजनैतिक र साँस्कृतिक सबै पक्षबाट कमजोर भएको र महिला हिंसा समाजमा व्यापक रहेकोले त्यससम्बन्धी जानकारी लिनको लागि उपरोक्त क्षेत्र छनौट गरिएको छ । यहाका महिला निरक्षर, आर्थिक कुरामा श्रीमान माथि अथवा छोराहरू माथि आश्रित भएकाले गरिबीका कारण उनीहरूको जीवनमा अभाव भएकोले यो समुदायका महिलाहरू माथि बढी हिंसाका घटना हुने भएकाले पनि यस क्षेत्रलाई अध्ययन क्षेत्रका रुपमा लिइएकोछ ।शोधकर्ताले यस भिमदत्त नगरपालीका को बार्ड नं ६छनौट गर्नुको पछाडि निम्न कारणहरू रहेका छन्:

- शोधकर्ता यस क्षेत्रमा स्थायी बसोवास गर्ने भएकोले प्रत्यक्ष अन्तर्वार्ता अवलोकन विधिद्वारा तथ्याङ्क संकलन गर्न सजिलो हुने हुनाले ।
- यस क्षेत्रका महिला सामाजिक, आर्थिक सबै पक्षबाट कमजोर भएको र महिला हिंसा समाजमा व्यापक रहेकोले त्यस सम्बन्धी उद्देश्य प्राप्तिका लागि यो क्षेत्र उपयुक्त भएकोले ।

## ३.२ अनुसन्धान ढाँचा

यस अध्ययनमा दुई किसिमका ढाँचाहरु प्रयोग गरिएको छन्-अन्वेषणात्मक ढाँचा प्रयोग गरी महिलाहरुमाथि हुने हिंसाको स्वरुप तथा कारण र सामाजिक आर्थिक अवस्थाको अधययन गरिएको छ भने वर्णनात्मक ढाँचाबाट महिलाहरुमा हिंसाबाट देखिएको असरहरुको अध्ययन गरिएको छ ।

## ३.३ तथ्याङ्कको श्रोत तथा प्रकृति

यस अध्ययनका क्रममा तथ्यांक संकलनका लागि प्राथमिक तथा द्वितीय स्रोतहरू प्रयोग गरिएको छ । प्राथमिक तथ्यांकहरू कार्यक्षेत्र सर्वेक्षणबाट संकलन गरिएको छ, जसका

लागि अन्तर्वाता, प्रश्नावली, जस्ता विधिहरू अपनाइने छ । यसैगरी द्वितीय तथ्यांकको संकलनका लागि नपा  लगायतका स्थानीइ निकायको सहयोग लिएकोछ र अध्ययनसँग सम्बन्धित पूर्वकार्य लेखरचना र पत्रपत्रिकालाई पनि तथ्यांक संकलनको आधार बनाईएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

यस अध्ययनका क्रममा तथ्यांक संकलनका लागि प्राथमिक तथा द्वितीय स्रोतहरू प्रयोग गरिएको छ । प्राथमिक तथ्यांकहरू कार्यक्षेत्र सर्वेक्षणबाट संकलन गरिएको छ, जसका लागि अन्तर्वाता, प्रश्नावली, अवलोकन जस्ता विधिहरू अपनाइएको छ ।

### ३.३.२ द्धितिय स्रोत

अनुसन्धान कर्ताले आफ्नो अनुसन्धानको विषय अनुरूप द्धितिय स्रोतबाट तथ्याङ्क संकलन गरिएको छ । यस अर्न्तगत विभिन्न लेख, रचना, समिक्षा प्रकाशन अभिलेख, पत्रपत्रिका, सम्बन्धीत संस्थाहरूमा कानुनी सहयोग तथा परामर्श केन्द्र कंचनपुर,जिल्ला प्रहरी कार्यालय कंचनपुर, भिमदत्त नगरपालीका कंचनपुर साथै अन्य संघसंस्था, कार्यालयबाट संकलन गरी तथ्याङ्क लिइएको छ ।

## ३.४ नमूना छनौट

घरेलु हिंसाबाट पिडित भएपनि सहेर बस्ने परिपाटी हाम्रो समाजमा यथावत रहेको छ एकातिर असह्य भै कानूनी उपचारको निमित्त सम्बन्धित संस्था वा निकायमा उजुरी गरी सहयोगको याचना गर्ने परीपाटीको पनि विकास हुँदै आएको छ । यस सम्बन्धमा यो अध्ययन कंचनपुर जिल्ला भिमदत्त नगरपालिका वार्ड नं. ६ मा जम्मा १९५२ घरधुरी रहेका छन् । जहाँ ९३७८ जना मानिस बसोवास गर्दछन । जस मध्ये ४४४३ पुरुष र ४९३५ महिला रहेकाछन (भिनपा,२०६८) भने यस अध्ययनमा कुल ४९३५ महिला मध्ये ७४३ महिलाहरु हिंसाबाट पिडित रहेका छन् । जसमा५० घर परिवारलाई उद्धेश्यमुलक नमुना छनौट बिधि अन्तर्गत अनुसन्धानका लागी छनौट गरि प्रत्येक घरपरिवार बाट एक जना महिलालाई उत्तरदाताका रुपमा छनौट गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधिहरू

अध्ययनका क्रममा प्राथमिक तथ्यांकहरू प्रश्नावलीबाट संकलन गरिएकोछ । द्वितीय तथ्यांक अन्य पत्रपत्रिकामा प्रकाशित सामाग्रीबाट लिइएकोछ । साथै अध्ययनका क्रममा अवलोकन विधिको समूह छलफल विधिको प्रयोग गरिएको छ ।

### ३.५.१ अन्तर्वार्ता

अध्ययनका क्रममा तथ्यांक संकलनमा आवश्यक पर्ने महत्वपूर्ण विधि हो । यस पद्धतिअनुसार नमूना छनोटमा परेका महिलाहरुसँग उनिहरुको परिवार, परिवार संगको सम्वन्ध, पेशामा कस्तो खालको काम गर्नुहुन्छ र तपाईहरुले कस्तो खालको हिंसा भोगीरहनु भएको छ भन्ने कुराहरु सामाजिक, आर्थिक, अन्य पक्षहरुको बारेमा संरचित प्रश्नावलीको माध्यमबाट तथ्याङ्क संकलन गिरिएको थियो । विषयगत र बस्तुगत प्रश्नावलीका माध्यमबाट छोटो अवधि लगाएर माथिका पक्षहरु खुल्ने सूचनाहरु र उनीहरुको बारेमा बढी भन्दा बढी जानकारी हाँसिल गर्ने प्रयास गरियो  यसले सम्बन्धित क्षेत्रका महिलाको भूमिका र तयसबाट उक्त क्षेत्रका महिलामाथि हुने विभिन्न किसिमका हिंसाको बारेमा प्रत्यक्ष अध्ययन गर्न सघाउ पुऱ्याउँछ । यस पद्धतिअनुसार नमूना छनोटमा परेका महिलाहरुसँग उनिहरुको परिवार, परिवार संगको सम्वन्ध, पेशामा कस्तो खालको काम गर्नुहुन्छ र तपाईहरुले कस्तो खालको हिंसा भोगीरहनु भएको छ भन्ने कुराहरु सामाजिक, आर्थिक, अन्य पक्षहरुको बारेमा संरचित प्रश्नावलीको माध्यमबाट तथ्याङ्क संकलन गरिएकोछ । विषयगत र बस्तुगत प्रश्नावलीका माध्यमबाट छोटोअवधि लगाएर माथिका पक्षहरु खुल्ने सूचनाहरु र उनीहरुको बारेमा बढी भन्दा बढी जानकारी हाँसिल गर्ने प्रयास गरिएको छ ।

### ३.५.२ अवलोकन

यस तथ्याङ्क संकलन विधि मार्फत देखिने सूचनाहरु,अध्ययन क्षेत्रको जीवनशैली र अवस्था बुझ्नका लागि अवलोकन विधिको प्रयोग गरिएकोछ । धेरै जस्तो महिलाहरू आफुमाथि हुने हिंसाको खुलेर कुरा गर्न चाहँदैनन् यस्ता किसिमका महिलाहरूको प्रत्यक्ष अवलोकनबाट नै विशेष परिस्थिती पत्ता लागेकोछ ।

## ३.६ तथ्यांकको प्रस्तुतीकरण र विश्लेषण

अध्ययनका क्रममा लिइएका संख्यात्मक तथ्यांकलाई आवश्यकता अनुसार तालिकीकरण गरि वर्णणात्मक शैलिमा प्रस्तुत गरि तार्किकरुपमा विश्लेशण गरिएको छ ।

## ३.७ अनुसन्धानको सीमा

आफ्नो परम्परा र संस्कृति अनुसार महिलाको भूमिका थोरै बहुत परिवर्तन पनि भएको पाइन्छ । तर पनि विर्सन नहुने तथ्य भनेको नेपाल पितृसत्तात्मक पारिवारिक ढाँचा भएको राष्ट्र पनि हो । संस्कृतिमा भएको फरकपनका कारण उनीहरू प्रति हुने गरेका

हिंसाको प्रकृतिमा फरक पर्न जाने साथै महिलाप्रतिको हिंसाको क्षेत्र बृहत भएका कारणले गर्दा यस अध्ययनमा निम्न प्रकारको सिमितता रहेकोछ ।

- यस अध्ययनले नेपालका सबै महिला वर्गप्रति हुने हिंसाको प्रतिनिधित्व गर्दैन ।
- विद्यार्थीको आफ्नो अध्ययनको विषयभित्र परेको एउटा विषयकको रुपमा अध्ययन गर्नु पर्ने हुँदा समयको सिमितताका कारणले गर्दा पनि बृहत क्षेत्रलाई समेटी अध्ययन गर्न सकिएको छैन भने अर्थको सीमाका कारणले गर्दा पनि सिमित क्षेत्रभित्र सबै महिलालाई अध्ययनमा समेटिएको छैन ।
- सुदुरपश्चिम नेपालको कञ्चनपुर जिल्लाको भिमदत्त न.पा. वडा नं. ६ लाई यस अनुसन्धानको अध्ययन क्षेत्रका रुपमा छनौट गरिएकोछ ।
- यस अध्ययनले निश्चित क्षेत्रका नेपाली महिलामाथि हुने घरेलु हिंसाको प्रतिनिधित्व गरे पनि सम्पूर्ण नेपाली महिला माथि हुने घरेलु हिंसाको प्रतिनिधित्व गर्न सक्छ भनेर किटान गर्न सकिदैन ।

# अध्याय चार

# अध्ययन क्षेत्रको परिचय

प्रस्तुत अध्यायको पहिलो खण्डमा अध्ययन क्षेत्रको भौगोलिक बनावट, घरधुरी उत्तरदाताको सामाजिक तथा आर्थिक विशेषता र महिला उत्तरदाताहरुको सामाजिक, आर्थिक तथा शैक्षिक पक्षहरुको विश्लेषणलाई विस्तृत रुपमा जोड दिइएको छ ।

## ४.१ भौगोलिक अवस्थिति

कंचनपुर जिल्ला नेपालको सुदुर पशिचमाञ्चल विकास क्षेत्रमा पर्ने एक जिल्ला हो भने नेपालको राजधानी बाट करिब ७०० किलोमिटर पशिचम मा अवस्थितर करीव १६१० वर्ग किलोमीटर क्षेत्रफले ओगटेको छ र २८० प्रति बर्ग किलोमिटर जनधनत्वरहेको छ । यस जिल्लाकोपश्चिम तिर नेपाल भारत को सिमामा रहेको महाकाली नदी रहेको छ । शिक्षा स्वास्थ, खानेपानी तथा अन्य पुर्वाधारहरुको प्रसस्थ विकास नभए पनि भिमदत्त नगरपालिका वडा नं. ६ ऐठपुर केहि मात्रामा समेटिएको छ । यस जिल्लाको भिमदत्त नगरपालिका वडा नं. ६ ऐठपुर मा विभिन्न जातजाती धर्म संस्कृती र विभिन्न समुदायका मानिसहरु बसोबास गर्दछन् । भिमदत्त न.पा. मा रहेको महेन्द्रनगर बजार को सबैभन्दा नजिक रहेको यो क्षेत्रमा विभिन्न जिल्लावाट बसाई सरी आएका मानिसहरु वसोवास गर्दै आएका छन् । यहा बसोवास गर्ने जातजातीगत हिसाबले ब्राम्हण र, क्षेत्रीहरु को बाहुल्यता रहे तापनि दलित,आदीवासी,जनजाती को पनि उपस्थिति रहेको पाइन्छ । धार्मिक रुपमा हिन्दु धर्मावलम्वी ९३% प्रतिशत छ भने अन्य धर्मावलम्वी ७% प्रतिशत छ ।

पृथक पृथक मातृभाषा भाएका मानिसहरू यस क्षेत्रमा बसोबास गर्दै आएका भए पनि बोलीचालीमा नेपाली भाषाको नै बढी मात्रामा प्रयोग हुने गरेको छ । नेपाली भाषा देशको राष्ट्रभाषा हुनाका साथै अधिकांश मानिसबाट बुझ्ने भएका कारण पनि यो भाषा अन्य क्षेत्र जस्तै यस क्षेत्रमा पनि बहुप्रचलित बन्न पुगेको छ । यस क्षेत्रका मानिस आफ्नो संस्कृत परम्परा अनुसार जन्मदेखि मृत्यु पर्यन्तका संस्कारको अवलम्बन गर्दछन् ।

यस सम्बन्धमा यो अध्ययन कंचनपुर जिल्ला भिमदत्त नगरपालिका वार्ड नं. ६ मा अवस्थित १९५२ घरधुरी मा ९३७८ जना मानिस बसोवास गर्दछन । जस मध्ये ४४४३ पुरुष र ४९३५ महिला रहेकाछन (भिनपा,२०६८) । यस अध्ययनमा कुल १९५२ घरधुरी मध्ये ५० घर परिवारलाई उद्धेश्यमुलक नमुना छनौट बिधि अन्तर्गत अनुसन्धानका लागी

छनौट गरि प्रत्येक  घरपरिवार बाट एक जना महिलालाई उत्तरदाताका रुपमा छनौट गरिएको छ ।

## ४.२ घरेलु हिंसा पीडित महिलालाई हेर्ने सामाजिक संस्थाको सामान्य परिचय

### ४.२.१ कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक)

कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) असाहाय महिला तथा बालबालीका हक हित संरक्षण,उत्थान र कानुनी अधिकार स्थापित गराउने उद्धेश्यले सन् १९८७ अर्थात वि.सं. २०४४ सालमा स्थापित भएको एक गैर सरकारी संस्था हो । यस संस्थाले स्थापनाकालदेखि नै विभिन्न प्रकारका हिंसा पिडित असहाय महिला तथा बालबालीकाहरुलाई नि:शुल्क रुपमा कानुनी सहयोग तथा परामर्श स्वा उपलब्ध गराउदै आईरहेको छ । कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) ले धेरै जसो घटना हरू महिलाको घरेलु हिंसा सम्बन्धी र थोरै बालबालिका सम्बन्धि घटनाहरू हेर्ने गर्दछ । यस संस्थाले महिला हिंसा सम्बन्धी आएका घटनाहरू सकेसम्म मिलाउने गर्दछन् । मिल्दै नमिलेका घटनाहरू र अंश मुद्धा सम्बन्धी घटनाहरू आयो भने जिल्ला अदालतमा रहेको कानुनी सहायता केन्द्रमा पठाउने गर्दछ । कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) बाट गएका घटनाहरू कानुनी सहायता केन्द्रमा रहेका अधिवक्ताहरूले निशुल्क रूपमा हेर्ने गर्दछन् । यस संस्थाले महिलालाई अधिकार सम्पन्न गराउन तथा महिला सशक्तिकरणका लागी विभिन्न राष्ट्रिय,क्षेत्रिय तथा अर्न्तराष्ट्रिय सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग समन्वय गरेर गोलबन्द भई विभिन्न कार्य गर्दै आईरहेको छ । यो संस्था कञ्चनपुरमा मात्र नभई देश भरि महिला हिंसा सम्बन्धी घटनाहरू हेर्ने गर्दछ ।

**तालिका१ : कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक): २०७३ सालमा दर्ता भएका घटनाहरु**

| घटनाहरु | संख्या |
|---|---|
| घरेलु हिंसा | ५ |
| सम्बन्ध विच्छेद | १६ |
| अंशवण्डा | ६ |
| बहुविवाह | ५ |
| जवरजस्तीकरणी | ३ |
| मानब बेचबिखन | २ |
| जम्मा | ३७ |

स्रोत : कानुनी सहयोग तथा उरामर्श केन्द्र (ल्याक): २०७३

## ४.३ उत्तरदाता महिलाहरुको सामाजिक आर्थिक बिशेषताहरु

नेपाली समाजमा महिलाहरु दविएर पिल्सिएर पिडित भएर वस्न वाध्य छन् । समाजमा मात्र हैन उनीहरु आफ्नै परिवारबाट पनि हिँसाको शिकार भएका छन् । यसरी आफ्नै परिवारबाट हुने हिँसामा श्रीमान, सासु-ससुरा नन्द आमाजु आदि बाट विभिन्न प्रकारका कुटपिट, बलात्कार अवान्छित शव्द प्रयोग गरी गाली गर्ने, चोरी तथा झुट्टा आरोप लगाउने शारीरिक तथा मानसिक यातना दिने गरेको पाइन्छ । यस्तो हुनुमा महिलाहरुको आर्थिक, शैक्षिक, सामाजिक हैशियत नहुनु हो । हाम्रो समाजमा छोरीलाई जन्मे देखि नै हेलाको दृष्टिले हेरिने भएकोले उनीहरुलाई उचित शिक्षा दिइदैन जसले गर्दा उनीहरुको आर्थिक अवस्था पनि कमजोर हुन्छ ।

यस अध्ययनमा भिमदत्त नगरपालीका का हिंसा पिडीत महिलासँग उनीहरुको सामाजिक स्थिति जसमा उनीहरुको जातिगत विवरण तथा क्षेत्रगत विवरण, उनीहरुको धार्मिक, शैक्षिक र सौहाद्रपूर्ण वातावरणको बारेमा तथ्याङ्क प्रस्तुत गरिएको छ । यसको अलावा उनीहरुको आर्थिक अवस्था, पेशा, आयआर्जनको पनि तथ्याङ्क प्रस्तुत गरिएको छ ।

### ४.३.१ उमेर र लिङ्ग अनुसार घरधुरी जनसंख्याको विवरण

अध्ययन क्षेत्र भिमदत्त नगरपालीका वार्ड ६ का छनौट महिलाको पारिवारिक जनसंख्यालाई उमेर तथा लिङ्गका आधारमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ : उमेर र लिङ्गअनुसार उत्तरदाता महिलाहरूको पारिवारिक विवरण**

| उमेर | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| समूह | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ०-१५ | १९ | १३.३८ | २६ | १५.५६ | ४५ | १४.५६ |
| १६-३० | ३२ | २२.५३ | ४२ | २५.१४ | ७४ | २३.९४ |
| ३१-४५ | ४४ | ३०.९८ | ५४ | ३२.३३ | ९८ | ३१.७१ |
| ४६-६० | ३५ | २४.६४ | ३० | १७.९६ | ६५ | २१.०३ |
| ६० + | १२ | ८.४५ | १५ | ८.९८ | २७ | ८.७३ |
| जम्मा | १४२ | १०० | १६७ | १०० | ३०९ | १०० |

स्रोतः स्थलगत अध्ययनसर्वेक्षण, २०७३

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरूको कुल परिवारसंख्या ३०९ रहेको छ । जसमा पुरुष संख्या ४५.९५ प्रतिशत तथा महिलाको संख्या ५४.०४ प्रतिशत रहेका

छन् । कुल जनसंख्यामध्ये ०-१५ वर्ष उमेर समूहका पुरुष १३.३८ प्रतिशत तथा महिला १५.५७ प्रतिशत रहेका छन् । १६ देखि ३० वर्ष उमेर समुहमा २२.५४ प्रतिशत पुरुष तथा २५.१४ प्रतिशत महिला रहेका छन् । ३१-४५ वर्ष उमेर समूहमा ३०.९८ प्रतिशत पुरुष तथा ३२।३३ प्रतिशत महिला रहेका छन् । ४६-६० वर्ष द्धउमेर समूहमा २४.६४ प्रतिशत पुरुष तथा १७.९६ प्रतिशत महिला रहेका छन् । ६० वर्ष देखि माथि उमेर समूहमा ८.४५ पुरुष तथा ८.९८ प्रतिशत महिला रहेका छन् ।

### ४.३.२ उमेर तथा लिंगको आधारमाउत्तरदाता महिलाहरूको विवरण

छनौटमा परेका उत्तरदाताहरू विभिन्न उमेर समूहका रहेका छन् । यी समग्र उत्तरदाता महिलाको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३ : लिङ्ग र उमेर अनुसार उत्तरदाताको विवरण**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| १०-२० | ३ | ६ |
| २१-३० | १६ | ३२ |
| ३१-४० | २१ | ४२ |
| ४१-५० | ६ | १२ |
| ५१± | ४ | ८ |
| **जम्मा** | **५०** | **१००** |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण-२०७३

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरू १०-२० वर्ष उमेर समूहका ३ जना अर्थात ६ प्रतिशत, २१-३० वर्ष उमेर समूहमा १६ जना अर्थात ३२ प्रतिशत रहेका छन् । यसैगरी ३१-४० वर्ष उमेर समूहमा २१ जना अर्थात ४२ प्रतिशत महिला रहेका छन् भने ४१-५० वर्ष उमेर समूहमा ६ जना अर्थात १२ प्रतिशत महिलाहरू रहेका छन् भने ५१ बर्ष भन्दा माथिको उमेर समुहमा ४ जना अर्थात ८ प्रतिशत महिलाहरु रहेका छन ।

### ४.३.३ जात र जातियताका आधारमा उत्तरदाताहरुको विवरण

भिमदत्त नगरपालीका वार्ड ६ मा जिल्लाका मानिसहरु बसोवास गर्दै आएका छन । यो विभिन्न जातजाति, भाषा, धर्म र सांस्कृतिक विविधताले भरिएको क्षेत्र हो । यहि विविधता नै यस ठाउँको विशिष्ट पहिचान हो । प्रस्तुत अध्ययनमा रहेका उत्तरदाता महिलाको जातिगत रूपमा वर्गिकरण गरी ब्याख्या गर्ने प्रयास गरिएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका४ : उत्तरदाता महिलाहरूको जातिगत विवरण**

| जतजाति | संख्या | प्रतिशत |
|---|---|---|
| वाहुन | १२ | २४ |
| क्षेत्री | १६ | ३२ |
| ठकुरी | ९ | १८ |
| दलित | ८ | १६ |
| थारु | २ | ४ |
| योगी | ३ | ६ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७३,।

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरूमा वाहुन, क्षेत्री ठकुरी, दलित, थारू, र योगी जातजाति अर्न्तगतका महिला रहेका छन् , जसमा वाहुन जाति अर्न्तगत महिलाहरूको संख्या १२ जना अर्थात २४ प्रतिशत रहेका छन् । क्षेत्री जाति अर्न्तगतका महिला १६ जना अर्थात ३२ प्रतिशत, ठकुरी जाति अर्न्तगत ९ जना अर्थात १८ प्रतिशत रहेका छन् । दलित जाति अर्न्तगत ८ जना अर्थात १६ प्रतिशत रहेका छन् । त्यस्तै गरी थारु जाति अर्न्तगत २ जना अर्थात ४ प्रतिशत रहेका छन् भन योगी  जाति अर्न्तगत ३ जना अर्थात ६ प्रतिशत रहेका छन् ।

### ४.३.४ वैवाहिक स्थितिका आधारमा उत्तरदाताहरुको विवरण

प्राय: अविवाहितको तुलनामा विवाहत महिलाहरूमा बढी घरेलु हिंसा हुने भएतापनि अध्ययन क्षेत्रमा अविवाहित महिलाहरू माथि पनि हिंसा भएको देखिएको छ । प्रस्तुत अध्ययनको क्रममा समेटिएका उत्तरदाताको वैवाहिक स्थितिलाई तलको तालिका मा प्रस्तुत गरिएको छ ।

**तालिका ५ :उत्तरदाता महिलाहरूको वौवाहिक स्थिति**

| वैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| अविवाहित | ७ | १४ |
| विवाहित | ३६ | ७२ |
| सम्बन्ध बिच्छेद /छुट्टीएर बसेका | ४ | ८ |
| बिधुवा | ३ | ६ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७३,।

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरूमध्ये अविवाहित महिलाहरुको संख्या ७ जना अर्थात १४ प्रतिशत रहेका छन भने विवाहित महिलाहरुको संख्या ३६ जना अर्थात ७२ प्रतिशत रहेका छन । यसै गरि सम्बन्ध बिच्छेद /छुट्टीएर बसेका महिलाहरुको संख्या ४ जना अर्थात ८ प्रतिशत रहेका छन र विधवा महिलाहरको संख्या ३ जना अर्थात ६ प्रतिशत रहेकाछन ।

### ४.३.५ परिवारको प्रकार

भिमदत्त नगरपालीका वार्ड नं. ६ मा मुख्यतया दुई किसिमका परिवार पाइन्छन् । एकात्मक परिवार, संयुक्त परिवार जसलाई तल परिभाषित गरिएको छ ।

**एकल परिवार :**

आमा, बाबु  खास गरी उनका अविवाहित छोरा छोरीहरूलाई मिलेर बनेको परिवारलाई एकल परिवार भनिन्छ । यस प्रकारको परिवार आधुनिक मान्यता तर्फ उन्मुख भएको पाइन्छ ।

**संयुक्त परिवार :**

यस प्रकारको परिवारमा साधारणतया परिवारको तीन पुस्तासम्म रहेका हुन्छन् । यस परिवारमा हजुरबा, आमा, काका, काकीहरू, अविवाहित दिदि तथा फुपुहरू र नाति , नातिनी रहेका हुन्छ् ।

प्रस्तुत अध्ययनमा उत्तरदाताको परिवारको प्रकार पनि हेरिएको थियो जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका६ : उत्तरदाता महिलाहरूको परिवारको प्रकार**

| परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक | २१ | ४२ |
| संयुक्त | २९ | ५८ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण २०७३,।

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरूको दुई प्रकारको परिवार पाइएको छ । ती हुन एकात्मक र संयुक्त । उत्तरदाता महिलाहरूमध्ये २१ जना अर्थात ४२ प्रतिशत

महिला एकात्मक परिवारमा रहदै आएका छन् भने २९ जना अर्थात ५८  प्रतिशत महिला संयुक्त परिवारमा रहदै आएका छन् ।

### ४.३.६ शैक्षिक अवस्था

विगतको तुलनामा हाल आएर शिक्षाको महत्व प्रति नेपाली समाज सचेत हुन थालेको छ तर पनि अझै ग्रामिण क्षेत्रमा शिक्षाको अवसरबाट बन्चित हुनु परेका स्थिती देखिन्छ । प्रस्तुत अध्ययनमा उत्तरदाता महिला तथा उनीहरुका शैक्षिक अवस्थालाई प्रष्टयाउने प्रयास गरिएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ७ : उत्तरदाता महिलाहरूको शैक्षिक विवरण** (**६ वर्ष भन्दा माथि**)

| पढाईको स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ९ | १८ |
| सामान्य शिक्षित | १६ | ३२ |
| विद्यालय स्तर | १९ | ३८ |
| क्याम्पस | ६ | १२ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन-२०७३ ।

माथिको तालिका अनुसार पनि उत्तरदाता महिलाहरूको शैक्षिक अवस्थाले उनीहरूमा हुने हिंसामा कुनै फरक नपारेको कुरा प्रष्ट पार्छ । यो तालिकामा उत्तरदाता महिलाहरूको शैक्षिक अवस्था देखाइएको छ । जसअनुसार निरक्षर महिला को संख्या ९ जना अर्थात १८ प्रतिशत, सामान्य शिक्षित १६ जना अर्थात ३२ प्रतिशत रहेको छ भने विद्यालय स्तर मा १९ जना अर्थात ३८ प्रतिशत रहेको छ भने  क्याम्पस स्तरसम्म शिक्षा आर्जन गरेका महिलाको संख्या ६जना अर्थात १२ प्रतिशतरहेकाछन ।

### ४.३.७ आर्थिक अवस्था

नेपाल एक कृषि प्रधान देश हो यहाँको मुख्य पेशा कृषि हो । तर वर्तमान समयमा विभिन्न कारणले गर्दा यस अध्ययन क्षेत्रका धेरै मानिसहरू आयआर्जनका लागि बैदेशिक रोजगार अपनाएको देखिएको । बैदेशिक रोजगार  बाहेकका व्यापारी  व्यवशायी मजदुर तथा जागिरे पनि रहेकाछन् । यसै क्रममा उत्तरदाता महिलाहरूको आर्थिक अवस्था थाहापाउनका

लागि उत्तरदाताका परिवारले अपनाउँदै आएको पेशा तथा उत्तरदाता महिलाहरूको पेशालाई तलका तालिकाहरूमा प्रस्तुत गरिएकोछ ।

**तालिका ८ : उत्तरदाताको परिवारको मुख्य आम्दानीको स्रोतको विवरण**

| आम्दानीको स्रोत | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ४ | ८ |
| ब्यापार-ब्यवसाय | १३ | २६ |
| बैदेशिक रोजगार | १४ | २८ |
| जागिर | १० | २० |
| ज्यालादारी/मजदुरी | ९ | १८ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७३।

माथिको तालिका अनुसार उत्तरदाताको परिवारको आम्दानीको स्रोतको रूपमा ४ जना अर्थात ८प्रतिशतले कृषि पेशा अपनाउदै आएका छन्  यसै गरि १३ जना अर्थात २६ प्रतिशत ब्यापार-ब्यवसायलाई लिएका छन् भने १४ जना अर्थात २८ प्रतिशतले बैदेशिक रोजगारीलाई मुख्य आम्दानीको स्रोतको रूपमा लिएका छन् त्यस्तै जागिर गरेर १० जना अर्थात २० प्रतिशतले मुख्य आम्दानीको स्रोत मानेको छन् भनेज्यालादारी/मजदुरीपेशा अपनाएका ९ जना अर्थात १८ प्रतिशतले आफनो मुख्य आम्दानीको स्रोत मानी जीवन गुजारा गरेका छन् ।

त्यसैगरी उत्तरदाताका श्रीमानले अपनाउदै आएको पेशा तथा उत्तरदाता स्वयम्को पेशालाई तलको तालिका नं. ८ र ९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ९ : उत्तरदाताहरुको श्रीमानहरूको पेशागत विवरण**

| श्रीमानको पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | २ | ५.५६ |
| ब्यापार-ब्यवसाय | १० | २७.७८ |
| बैदेशिक रोजगार | १२ | ३३.३३ |
| जागिर | ७ | १९.४४ |
| ज्यालादारी/मजदुरी | ५ | १३.८९ |
| जम्मा | ३६ | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार उत्तरदाताको परिवारको आम्दानीको स्रोतको रूपमा २ जना अर्थात ५.५६प्रतिशतले कृषि पेशा अपनाउदै आएका छन्  यसै गरि १० जना अर्थात २७.७८ प्रतिशत ब्यापार-ब्यवसाय लाई लिएका छन् भने १२ जना अर्थात ३३.३३ प्रतिशतले बैदेशिक रोजगारीलाई मुख्य आम्दानीको स्रोतको रूपमा लिएका छन् त्यस्तै जागिर गरेर ७ जना अर्थात १९.४४ प्रतिशतले मुख्य आम्दानीको स्रोत मानेको छन् भने ज्यालादारी/मजदुरी पेशा अपनाएका ५ जना अर्थात १३.८९ प्रतिशतले आफनो मुख्य आम्दानीको स्रोत मानी जीवन गुजारा गरेका छन् । उत्तरदाता महिला स्वयम्बाट अपनाउदै आएको पेशागत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका१० : उत्तरदाता महिलाहरूको पेशागत विवरण**

| महिलाहरूको कामको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ३ | ६ |
| ब्यापार-ब्यवसाय | ८ | १६ |
| गृहिणी | २२ | २४ |
| जागिर | ६ | १२ |
| ज्यालादारी/मजदुरी | ११ | २२ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार उत्तरदाताको महिलाहरु मध्ये कृषि पेशा २ जना अर्थात ४ प्रतिशतले ब्यापार-ब्यवसाय ८ जना अर्थात १६ प्रतिशत गृहिणी २२ जना अर्थात ४४ प्रतिशत् त्यस्तै जागिर मा६ जना अर्थात १२ प्रतिशतले मुख्य आम्दानीको स्रोत मानेको छन् भने ज्यालादारी/मजदुरी पेशा अपनाएका ११ जना अर्थात २२ प्रतिशतले आफनो मुख्य आम्दानीको स्रोत मानी जीवन गुजारा गरेका छन् ।

**तालिका ११: उत्तरदाता महिलाहरुको परिवारको स्वामित्वमा भएको जग्गाजमिनको विवरण**

| जग्गाको परिमाण | जम्मा घरधूरी | प्रतिशत |
|---|---|---|
| १-३ कठ्ठा | १९ | ३८ |
| ४-६ कठ्ठा | १५ | ३० |
| ७-९ कठ्ठा | ११ | २२ |
| १० कठ्ठा भन्दा माथि | ५ | १० |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार उत्तरदाताहरुको परिवारको स्वामित्वमा भएको जग्गाजमिन सबैभन्दा बढी ५ घरधुरी अर्थात १०% सँग १० कठ्ठा भन्दा माथि (केवल १ देखि ३ विगाहा) मात्र जमिन रहेको पाइयो । त्यसैगरी ११ घरधुरी अर्थात २२ प्रतिशतसँग ७ देखि ९ कठ्ठा हारहारीमा जमिन रहेकाछन् १५ घरधुरी अर्थात ३० प्रतिशतसँग ४-६ कठ्ठा सम्म जमिन रहेको छ भने१-३ कठ्ठा सम्म जमिन हुनेहरुको संख्या १९ अर्थात ३८ प्रतिशत मात्र रहेको छ ।

**तालिका १२ : घरधुरी जनसंख्यालाई बार्षिक खाद्यान्नको पर्याप्तता**

| खान पुग्ने महिना | जम्मा घरधूरी | प्रतिशत |
|---|---|---|
| १-६ महिना | २६ | ५२ |
| ६-१२ महिना | १५ | ३० |
| १२-महिना भन्दा बढी | ९ | १८ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार जम्मा ५० घरधुरीहरुले जीविकोपार्जनका लागि अंगालेका पेशा र आफूसँग भएको जमिनको उत्पादनले बार्षिकरुपमा आफ्नो परिवार धान्न पर्याप्त खाद्यन्न उपलब्ध गराउन सक्छ वा सक्दैन भन्ने कुरालाई समेत हेरिएको थियो । जस्मध्ये ९ घरधुरीलाई मात्र आफु र आफ्नो घरपरिवारले अपनाएको पेशा र आफुसँग भएका जग्गाको उब्जनीले बाह्र महिना भन्दा माथि सम्म धान्न सक्ने देखिएकोछ भने १५ घरधुरीलाई आफुसँग भएका जग्गाको उब्जनीले ६-१२ महिना सम्म धान्न सक्ने देखिएकोछ भने अर्कोतिर, २६ घरधुरीहरुलाई आफ्नो जग्गाबाट उत्पादित भएको अन्नले १-६ महिनासम्म मात्र धान्ने पनि देखिएकोछ ।

### ४.३.८ उत्तरदाता महिलाप्रति गरिने घरेलु हिंसाको बेलाको विवरण :

कुनै ब्यक्तिलाई घर परिवार वा समाजले दिने यातना पीडा, दुःख र अमानविय व्यहारलाई घरेलु हिंसा भनिन्छ । जुन शारिरीक वा मानसिक दुवै किसिमको हुन्छ । अध्ययनको क्रममा उत्तरदाता महिलालाई तपाई प्रति गरिने घरेलु हिंसा कुन बेला देखान्छ ? भनी प्रश्न गर्दा निम्नानुसार उत्तर दिएका छन् । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका१३ : उत्तरदाता महिला प्रति गरिने घरेलु हिंसाको बेलाको विवरण**

| घरेलु हिंसाको बेलाको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| रक्सी सेवन गरेपछि | २४ | ४८ |
| जुवातास खेलेपछि | ९ | १८ |
| Drugsलिएपछि | ६ | १२ |
| अन्य | ११ | २२ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७३ ।

माथिको तालिकामा उत्तरदाता महिलालाई तपाई प्रति गरिने घरेलु हिंसा कुन बेला गरिन्छ भनी प्रश्न गर्दा रक्सी सेवन गरेपछि भन्ने महिला २४ जना अर्थात ४८ प्रतिशत, जुवातास खेलेपछि भन्ने महिला ९ जना अर्थात १८ प्रतिशत, Drugs (गाजा) लिएपछि भन्ने महिला ६ जना अर्थात् १२ प्रतिशत र अन्यमा ११ जना अर्थात २२ प्रतिशत (सामान्य अवस्थामा पनि खाना मिठो नभएको निहुँमा, आमाको कुरा सुनेर, कामबाट फर्केपछि ढिलो भयो भन्ने विषयलाई लिएर झगडा गर्ने) गरेका पाइयो ।

# अध्याय पाँच

# महिला माथि हुने घरेलु हिंसाको प्रकार, कारण र असरहरु

प्रस्तुत अध्ययमा महिलामाथि हुने घरेलु हिंसासम्वन्धी महिला उत्तरदाताहरुको धारणालाई बुझ्ने प्रयास स्वरुप उनीहरुको विचारलाई सुक्ष्म रुपले प्रस्तुत गरिएको छ । त्यसैगरि उनीहरु माथि हुने हिंसाको स्वरुप एवं त्यसको प्रकार, हिंसा हुनुको खास कारण र महिलाहरुले हिंसालाई सहनुपर्ने मुख्य सामाजिक तथा आर्थिक कारणहरुको विस्तृत चर्चा यस अध्ययमा गरिएको छ ।

अध्ययन क्षेत्र भिमदत्त न.पा. वार्ड नं. ६ का अधिक महिला संयुक्र परिवारमा बस्दै आएका छन यस क्षेत्रमा श्रीमान्‌बाट मात्र नभई सासु ससुरा नन्द भाउजु देवर छोरा छोरी आदी बाट  गालीगलौज, कुटपीटका घटना नै अधिकतम मात्रामा हुने गरेका छन् । श्रीमान श्रीमती शिक्षित भएपनि रक्सी सेवन गरी अरु महिलाहरू सितको नाजायज सम्बन्धले पनि श्रीमती कुट्ने मानसिक यातना दिने गरेको घटनाहरू देखिन्छ । अझै वैदेशिक रोजगारमा लागेका पुरुषहरूको श्रीमतीले झन परिवारका अन्य महिला सदस्यहरूबाट पनि केही मानसिक र शारिरीक यातना सहनु परेको छ । अविवाहित केटीहरूमा कुरा गर्ने हो भने दाजुभाई,सौतेनी आमा,काका काकी संग बस्दै आएका छन र उनिहरुको गालीगलौज, कुटपीट जस्ता हिंसा सहदै आएका छन उत्तरदाता मध्येका विधवा महिलाहरू कोही  कोही सासु ससुरा छोरा, बुहारीको अपहेलनामा आफ्नो जीवन बिताई रहेका छन् । कयौंले घरपरिवारबाट टोकुवा, अल्छीनी भनी अपहेलित हुनु परेको, त्यो पनि कम उमेरमा विधवा भएकाहरूले त झन समाजका यौन पिपासुहरूको कुटील आँखाबाट पनि आफुलाई जोगाउनु परेको छ ।

## ५.१ हिंसाका प्रकारहरू

महिला माथिको हिंसा नेपाली समाजमा शताब्दीऔदेखि रहिआएको यथार्थ सर्वविदितै छ । यस्ता विकृति र विसङ्गतिहरूलाई हटाउन समाजमा रहेका हरेक तह र तप्काबाट उचित कदम चालिनुपर्ने अपरिहार्यता रहेको देखिन्छ । महिलाहरू प्रायः शारीरिक तथा मानसिक रुपले प्रताडीत हुने गरेको पाइएको छ । महिला माथि हुने हिंसा अन्तर्गत विशेषगरी घरेलु हिंसा, चेलीबेटी बेचखिन, जबरजस्ती देह व्यापारमा लगाइनु, खान लाउन नदिई घरबाट निकाला गर्नु, जबरजस्ती करणी गर्भपतन आदि पर्दछन । अध्ययनको क्रममा

देखिएका उत्तरदाता महिलाले भागेका हिंसाका प्रकारहरूलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरुमाथी हुने नाता अनुसार हिंसाका प्रकारहरु तलको तालीकामा प्रस्तुत गरिएको छ ।

**तालिका १४: उत्तरदाता महिलाहरुमाथी हुने नाता अनुसार हिंसाका प्रकारहरु**

| पिडक पक्ष | हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| श्रीमान | कुटपिट, गाली गलौज, अपहेलन | १९ | ३८ |
| परिवारका महिला सदस्हरू | कुटपिट, शारिरीक यातना | १६ | ३२ |
| देवर र जेठाजु | मानसिक यातना, धम्की, डर | ४ | ८ |
| पिता | बहुविवाह गरी बाबुको व्यवहारबाट वञ्चित | २ | ४ |
| सौतेनी आमा | कुटपिट, गाली गलौज, अपहेलन र छोरा-छोरी प्रतिको कर्तव्यबाट विमुख | ३ | ६ |
| समाज | असुरक्षा, हेला, भेदभावपूर्ण व्यवहार | ६ | १२ |
| | जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७३ ।

माथिको तालिका  अनुसार उत्तरदाता माथी भएका हिंसामा पिडक पक्षका रुपमा श्रीमान, सासु, फुपु, नन्द, ससुरा, देवर, पिता आदि रहेका छन् । जसमध्ये श्रीमानबाट कुटपीट, गाली गलौज र अपहेलनामा परेका महिलाहरूको १९जना अर्थात ३८ प्रतिशत, परिवारका महिलाबाट १६जना अर्थात ३२ प्रतिशत,देवर र जेठाजुबाट पिडित ४ जना अर्थात ८ प्रतिशत,पिताबाट २ जना अर्थात ४ प्रतिशत,सौतेनी आमाबाट ३ जना अर्थात ६ प्रतिशत,र समाजबाट ६ जना अर्थात १२ प्रतिशत, हिंसाका शिकार भएका रहेछन् ।

समग्रमा यस अध्ययन क्षेत्रका महिलाहरूले सर्वाधिक रुपमा श्रीमानबाट हिंसा पिडित बन्नु परेको देखियो भने सासु, ससुसा, फुपु लगायतका परिवारका सदस्यबाट घरको कामको विषयलाई लिएर हिंसा गरेको तथा श्रीमानलाई कुरा लगाई पिट्न लगाइएको पनि देखियो

भने, विधवाहरूले समाजका यौन व्यवहारिकहरूको दुर्वव्यवहार सहनु परेको देखिएको छ र अविवाहित भने सौतेनी आमाकोकुटपिट, गाली गलौज, अपहेलना जस्ता दुर्व्यवहारले सानो उमेरमा विवाह गर्न बाध्य भएका छन् ।

**तालिका १५ : उत्तरदाता महिलाहरु माथिको हिंसाको प्रकार**

| शारीरिक हिंसाको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| कुटपिट, (शारीरिक मानसिक) | १९ | ३८ |
| गालिगलौज (मानसिक) | १७ | ३४ |
| योन दुर्व्यवहार/यौन शोषण | ३ | ६ |
| गर्भपतन (शारीरिक, मानसिक) | ५ | १० |
| अन्य (नबोल्ने,खानपिनमा भेदभाव,छेडछाड गर्ने) | ६ | १२ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरू कुटपिट, गालिगलौज बलात्कार ( जबरजस्ती करणी) गर्भपतन आदि जस्ता प्रकारका हिंसाबाट पीडित भएको पाइएको छ । जसमा कुटपिटका घटनाबाट पीडित उत्तरदाता महिलाको संख्या १९ जना अर्थात ३८ प्रतिशत छन् भने गालिगलौजबाट मानसिक रुपमा पीडित उत्तरदाता महिलाको संख्या १७ जना अर्थात ३४ प्रतिशत रहेका छन् । यसैगरी योन दुर्व्यवहार/यौन शोषण पीडित महिलाको संख्या ३ जना अर्थात ६ र गर्भपतनका कारण पीडित महिलाको संख्या ५ अर्थात १० प्रतिशत रहेका छन् भने अन्य (नबोल्ने,खानपिनमा भेदभाव,छेडछाड गर्ने) संख्या ६ जना अर्थात १२ प्रतिशत रहेको छ ।

## ५.२ घरेलु हिंसाका कारणहरू

समाजमा तुलनात्मक रूपमा महिला वर्ग नै पुरूष भन्दा बढि मात्रामा हिंसाको शिकार बन्ने गरेका पाइन्छ । यसै क्रममा प्रस्तुत अध्ययनमा महिला माथि हुने गरेका घरेलु हिंसाका कारणबारे पनि अध्ययन गरिएको थियो । उत्तरदाताले दिएको तथ्यको आधारमा हिंसा पीडित बन्नु परेका कारणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका१६ : उत्तरदाता महिला माथिको घरेलु हिंसाका कारणहरू**

| **हिंसाका कारणहरू** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| जाड रक्सीको सेवन | १६ | ३२ |
| गरिबी तथा आर्थिक कारण | १२ | २४ |
| अशिक्षा | ६ | १२ |
| दाइजो | ५ | १० |
| बहुविवाह | ४ | ८ |
| बेरोजगारी | ७ | १४ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार उत्तरदाता महिलाहरू विभिन्न कारणबाट घरेलु हिंसाको शिकार भएका छन जसमध्ये रक्सीको सेवनका कारण १६ जना अर्थात ३२ प्रतिशत महिला माथि हिंसा हुने देखियो भने गरिवीका कारण तथा आर्थिक कारण छोराछोरीको पढाइ, घर चलाउन मुश्किल परेका कारण झगडाको स्थिती उत्पन्न भइ हिंसा भोगेका १२ जना अर्थात २४ प्रतिशत, दाइजोका कारण ५ जना अर्थात १० प्रतिशतमहिला पीडित रहेछन । त्यसैगरी सामुहिक भेला, तालिम घर बाहिरको काम, फिल्डमा जाँदा आउँदा पढाएर फर्कदा, सामाजिक कामबाट फर्कदा ढिलो हुदा आदिमा गएको मन नपराउने जस्ता महिला प्रतिको रूढिबादि धारणा र अशिक्षाका कारण हुने हिंसामा ६ जना अर्थात १२ प्रतिशत महिला पीडित भएका, छोरी पाएको महिला र बच्चा नभएको कारण श्रीमानले बहुविवाह गरेका ४ जना अर्थात ८ प्रतिशत रबेरोजगारीका कारण ७ जना अर्थात १४ प्रतिशत महिला रहेका छन । समग्रमा भन्नुपर्दा उत्तरदाता महिलाहरु मध्ये अधिक महिला रक्सी सेवन र गरिबी कारण हिंसा पीडित बनेको बताएका थिए ।

## ५.३ हिंसा सहनुको कारण

महिलाले हिंसा सहनुमा विविध कारणहरू जिम्मेवार रहेका छन् । एकातिर आफ्नै श्रीमान तथा परिवारकै सदस्यबाट भएको हिंसा कानुन वा संस्थामा जानकारी दिंदा भोली सोही परिवारमै जीवन गुजार्न पर्छ भन्ने डरले भन्न चाहँदैनन अर्थात हिंसाको रिपोर्ट गर्दा कानुनले केही सहयोग त गर्छ फेरि त्यही परिवारमा जीवन गुजार्नु वा बिताउनु पर्छ जसले गर्दा पनि महिला आफू माथि भएको हिंसा प्रस्फुटन भई बाहिर उजागर हुन सकेको छैन ।

यसैले अध्ययन क्षेत्रअन्तर्गत अधिकांश महिलाले श्रमिान तथा परिवारका अन्य सदस्यबाट भएका कुटपिट तथा गालिगलौजका घटनामा उजुरीका लागि जानुपर्ने आवश्यकता ठान्दैनन ।

हिंसा सहनुका अन्य कारणहरूमा अशिक्षा, चेतनाको अभाव, आफ्नो आय, आर्जनको बाटो नभएको बच्चाहरूको भविष्यका लागि बाध्यता वश पनि भन्न नचाहेको पाइन्छ । यसका लागि उचित कानुन बन्न नसक्नु र भएका कानुन प्रभावकारी रुपमा कार्यान्वयन हुन नसक्नुले पनि महिला हिंसा सहेर बस्ने परिपाटी कायम छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १७ : उत्तरदाता महिलाहरुले हिंसा सहुनका कारण**

| हिंसा सहनुका कारणहरू | संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नो आय आर्जनको बाटो नभएको | १२ | २४ |
| अशिक्षा | ६ | १२ |
| घरबाट निकालिने डर (इज्जत जाने डर) | ७ | १४ |
| श्रीमानको दवाव | १३ | २६ |
| बच्चाहरूको भविष्यको लागि | ५ | १० |
| संकृति र परम्परा | ७ | १४ |
| जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार उत्तरदातामध्येका १२ जना अर्थात २४ प्रतिशत महिलाले आफ्नो आर्य आर्जनको बाटो नभएका कारण लोग्ने तथा परिवारका सदस्यबाट भएको हिंसा सहेको बताए । ६ जना अर्थात १२ प्रतिशत महिलाले अशिक्षाको कारणले हिंसा सहनु बाहेकको विकल्प नभएको बताए भने ७ जना अर्थात १४ प्रतिशत महिलाले घरबाट निकालिने (इज्जत जाने डरले) आफूप्रति भएको हिंसा सहेको बताए । यसैगरी १३ जना

अर्थात २६ प्रतिशत महिलाले आफ्नै श्रीमानको दवावले हिंसा सहनु परेको बताए भने ५ जना अर्थात १० प्रतिशत महिलाले बच्चाहरूको भविष्यका लागि चुप लाग्नु परेको र ७ जना अर्थात १४ प्रतिशत महिलाले संस्कृति र परम्परा अनुसार चल्नुपर्ने भएकोले हिंसा सहेको बताए ।

## ५.४ घरेलु हिंसाका असरहरु

घरेलु हिंसा भनेको घरभित्र घरपरिवारभित्र वा घरदेखि बाहिर पनि समाज भित्रकै आफूले चिनेजानेको व्यक्तिबाट वा अपरिचितबाट हुने शारीरिक, मानसिक, यौनजन्य दुर्व्यवहार बलात्कार, वैवाहिक बलात्कार, सामूहिक बलात्कार, अनिच्छित गर्भ, अनिच्छित गर्भपतन, बहुविवाह, बालविवाह, गालीगलौज, चरित्र हत्या, कुटपिट, हत्या आदि हुन् । यसैले घरेलु हिंसा पनि उत्तिकै बढेको छ जस्तै : मानसिक यातना पनि उत्तिकै पाउने गर्छन महिलाहरूले । समानताको अधिकारको अभावले महिलालाई मूल्यहिन र गन्तव्य हिन बनाउँछ । महिलालाई मानसिक एवम् शारीरिक रुपमा कमजोर मानिन्छ । त्यसमाथि पनि धर्म र संस्कार उनीहरूको पक्षमा न्यायसङ्गत छैन । पितृसत्तात्मक मूल्य मान्यता एवम् सामाजिक संरचनाले गर्दा महिला अघि बढ्न सकेका छैनन् । वर्तमान समाज विगतको तुलनामा निकै पृथक एवम् परिष्कृत भइसकेको सन्दर्भमा पनि दुःखको कुरा यो छ कि महिलालाई हेरिने सामाजिक दृष्टिकोणमा भने परिवर्तन आउन सकेको छैन । यसैले आधा आकाश ओगटेका महिला वर्गको उत्थान विना विकास सम्भव छैन । त्यसैले पनि महिला वर्गलाई शिक्षित एवम् जागरुक बनाउनु अति आवश्यक भइसकेको अवस्थामा पनि उनीहरूप्रति गरिने हिंसात्मक व्यवहारका कारण महिला माथि हुने हिंसाले प्रत्यक्ष रुपमा महिला तथा उनीहरूका परिवारका आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, शारीरिक मानसिक अवस्थामा असर पर्नुको साथै देशको समग्र आर्थिक, सामाजिक, राजनैतिक विकास प्रक्रियामा समेत अवरोध पुऱ्याउँछ । विशेषगरी यस्ता हिंसाले महिलाको स्वतन्त्र तथा प्रतिष्ठापूर्ण जीवनयापन गर्न पाउने अधिकार, समाजमा समान रुपमा जीउन पाउने अधिकार, शैक्षिक अधिकार, सम्पत्ति सम्बन्धी अधिकार, प्रजनन स्वास्थ्यको अधिकार, रोजगारीको अधिकार, राजनीतिमा सहभागी हुन पाउने अधिकार जस्ता आधारभूत मानव अधिकारको उपभोगमा असर पार्दछ । महिला माथि हुने हिंसाले महिलालाई मात्रै असर गर्दैन यसले त सिङ्गो समाजलाई नै असर गर्दछ भन्ने कुराको चेतना सम्पूर्ण जनमानसमा पुऱ्याउन जरुरी छ । नेपाली महिलाहरू विभिन्न किसिमले विभिन्न प्रकारका हिंसाबाट

पिडित भएको पाइन्छ । प्रायः शारिरीक तथा मानसिक रुपले पताडित हुने महिलाहरू मध्ये कतिले हिंसा सहेर घरमै बस्दछन् भने कति महिलाहरू सहयोगका लागि विभिन्न संस्थामा पुग्ने गर्दछन् ।

यस बारेमा गहन अध्ययन गर्ने हो भने व्यापक रुपमा महिलाहरू शारीरिक तथा मानसिक स्वास्थ्यको असन्तुलनबाट गुज्रिरहेका छन् । हिंसा सहने परिपाटीले गर्दा महिलाहरूले मानसिक कष्ट एवम नैराश्यताका कारण आफ्नो गतिशीलता समेत गुमाउनु परेको स्थिति देखिएको पाइन्छ ।

यसरी अध्ययनका क्रममा उत्तरदाता महिलाहरूमाथि हिंसाबाट विभिन्न असर पर्न गएको छ । उत्तरदाता महिलाहरू माथि श्रीमानबाट भएको कुटपिटका कारण अनुहारमा निलडाम भएको तथा शरीरमा मुक्का हानिएको, गर्भपतन र यौन दुर्व्यहारका कारण शारीरिक मानिसक दुवै असर पुगेको पाइएको छ । केही महिला देवरले ज्यान मार्ने धम्की दिएको कारण मानसिक यातना भोगेका र अधिक महिला गालीगलौज तथा अपमानजनक व्यवहारका कारण मानसिक स्थिति कमजोर भएको देखिएका छन् । अध्ययनका क्रममा देखिएका उत्तरदाता महिलाले भोगेका हिंसाका असरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १८ उत्तरदाता महिलामाथि हिंसाबाट पर्न गएका असरहरु**

| हिंसाको प्रकार | हिंसाको असर | संख्या | प्रतिशत |
|---|---|---|---|
| कुटपीट, तथा गाली गलैच | अङ्गभङ्ग चोटपटक | २३ | ४६ |
| गर्भपतन | शारिरीक, मानसिक तनाव | ५ | १० |
| धम्की | डर, त्रासबाट ग्रस्त | १४ | २८ |
| सम्बन्ध विच्छेद | सम्बन्ध टुट्ने भएकाले मानसिक तनाव | ५ | १० |
| यौन दुर्व्यवहार/यौन शोषण | शारिरीक, मानसिक असर | ३ | ६ |
| | जम्मा | ५० | १०० |

स्रोत : स्थलगत अध्ययन सर्वेक्षण, २०७३ ।

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रका महिलाहरूमा कुटपीट, गर्भपतन, धम्की, सम्बन्ध विच्छेद, छुवाछुत तथा छाउपडी प्रथाबाट हिंसा हुने भएको देखाइएको छ । कुटपीटबाट २३ जना अर्थात ४६ प्रतिशत, गर्भपतनबाट ५ जना अर्थात १० प्रतिशत, धम्कीबाट १४ जना अर्थात २८ प्रतिशत र सम्बन्ध विच्छेद बाट ५ जना अर्थात १०

प्रतिशत महिलाहरू पिडित देखिएका छन् भने यौन दुर्व्यवहार/यौन शोषण बाट ३ जना अर्थात ६ प्रतिशत महिलाहरू पिडित देखिएका छन् । जसका विभिन्न दिर्घकालिन तथा अल्पकालिन असरहरू पनि देखा परेका छन् ।

यसरी भएको हिंसाले महिलाहरूमाथी शारिरीक र मानसिक असर परेको छ । शारिरीक असरका बारेमा सोधपुछ गर्दा कुटपिटबाट उनीहरू कान नसुन्ने, शारिरीक अङ्गभङ्ग, चोटपटकबाट पिडित थिए भने कतिपयले श्रीमानको कुटाइले आफ्नो गर्भ तुहिएको कुरा पनि बताए । पटक-पटक गर्भपतन गराउँदा शारिरीक अवस्था कमजोर हुँदै गयो भने गर्भपतन गराए पछि अर्को गर्भधारणको डरले पनि उनीहरूको मनमा एक किसिमको त्रास उत्पन्न भएको छ । कतिपय महिलाहरू त गर्भपतनका डरले आफुले गर्भधारण गर्न नचाहेको कुरा पनि भनेका थिए । त्यस्तै श्रीमान लगायत घर परिवारको धम्किका कारण डर, त्रासबाट गर्दा महिलाहरू आफू माथि भएको हिंसा पनि लुकाउन बाध्य भएका छन  भने घर परिवार संगको  सम्बन्ध टुट्ने डरले पनि आफू माथि भएको हिंसा पनि लुकाउन बाध्य भएका छन । समाजका नर पिपासु हरुबाट यौन जन्य हिंसा भोगीरहेका महिलाहरू सामाजिक रुपमा अपहेलित हुने तथा समाजमा आफ्नो इज्जत जाने डरले हिंसा सहि रहेका छन् । यसरी प्रत्येक उमेर समूहका महिलाहरूले आ-आफ्नो उमेर, अवस्था, स्तर र नाता अनुसार हिंसा सहि रहेका छन् ।

## ५.५ महिला विरूद्ध हिंसा सम्बन्धी उत्तरदाता महिलाहरूको धारणा

उत्तरदाता महिलाहरूको धारणा अनुसार महिला विरूद्धको हुने हिंसालाई रोक्नका लागि सर्वप्रथम महिला शिक्षामा जोड दिनुपर्ने महिलालाई आर्थिक रूपमा सफल बनाउने खालका कार्यक्रमहरूको थालनी गर्नुपर्ने विकासका कार्यहरूको मुल प्रवाहमा महिलालाई राखिनुपर्ने, महिलालाई मात्र हिंसाका बारेमा सचेत नबनाई त्यसमा पुरूषलाई पनि सहभागी गराउनुपर्ने ,समाजले पनि महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन गर्नुपर्ने जस्ता कुराहरू रहेको पाइयो । पुरुष माथिको आत्मनिर्भरता कम गराउनका निम्ति सिपमुलक कार्यहरूमा महिलाको सक्रिय रूपमा सहभागीता गराउन पर्ने देखिन्छ । हिंसा गर्ने पीडकलाई कानुनी रूपमा कारवाही गर्नुपर्छ भन्ने धारणा उत्तरदाता महिलाको पाइयो । आत्मविश्वास जगाउने खालका कार्यक्रमहरूको थालनी भएमा महिलाहरू कोहि पनि हिंसा सहेर नबस्ने र हिंसा विरूद्ध कानुनी रूपमा प्रक्रिया अगाडि बढाइपनि आफुलाई परिवारमा बस्न सहज हुने र सम्मान पूर्वक जीवन बिताउन पाउनु पर्छ भन्ने धारणा उत्तरदाता महिलाहरुमा पाइयो ।

# अध्याय छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

नेपाल सदियौदेखि पितृसत्तात्मक संरचनामा हुर्किदै आएको हुनाले सम्पुर्ण महिला जगत्ले शोषण, दमन, यातना तथा हिंसाजन्य पिडाहरूलाई भोग्दै र सहदै आउनु पर्ने बाध्यता र विवशताले गर्दा पनि महिला हिंसाको अन्त्य हुन सकेको छैन । यसैले महिला हक हित र अधिकारको सुनिश्चितता ग्यारेन्टी मात्र नभई व्यवहारमा लागू गर्नैपर्छ अनि मात्र सभ्य र सुसूचित समाजको निर्माण हुन सक्छ यस कुरामा कसैको पनि दुईमत पाउन सकिदैन । कानुन बन्नुपर्छ तर कानुन बन्नु मात्र पर्याप्त हुँदैन जसबम्म त्यो कानुनको कार्यान्वयन हुँदैन, आज महिला र पुरुषबीच भइरहेको दुरीको खाडल मेट्दै , महिला भएकै कारणले भोग्नु परेको हिंसाको उन्मुलन गर्दै विकासको मूल प्रवाहमा महिलाको सहभागिता गराउनै पर्छ अनि मात्र एउटा सभ्य समाजको कल्पना गर्न सकिन्छ ।

यसैले महिला माथि भएको हिंसा शारीरिक यातना मात्र होइन, मानसिक, धार्मिक, कानुनी रुपमा भएको यातनालाई पनि महिला माथिको हिंसा मान्नु पर्ने हुन्छ । खासगरी महिलाहरू कस्ता हिंसाबाट पीडित हुने गरेका छन् । उनीहरूको सामाजिक, आर्थिक पृष्ठभूमि कस्तो रहेको छ, उनीहरूले भोगेका हिंसाको प्रकार, कारण र हिंसा सहनुका कारण आदिलाई यस अध्ययनमा समीक्षा गरिएको छ । अध्ययनसँग सम्बन्धित विभिन्न पत्रपत्रिका, पुस्तक, प्रकाशित लेख, रचना विद्वान्हरूको भनाइ कानुनी प्रावधान आदिबारे अध्ययनका क्रममा समीक्षा गरिएको छ ।

अध्ययनका लागि कंचनपुर जिल्ला भिमदत्त न.पा. वार्ड नं. ६ लाई मात्र लिइएको छ । यस अध्ययनका क्रममा आवश्यक तथ्य सङ्कलनका लागि प्राथमिक तथा द्वितीय तथ्याङ्कको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनमा समय, अर्थको सीमा जस्ता कारणले गर्दा सीमित क्षेत्र भित्र पनि सबै महिलालाई समेट्न सकिएको छैन । यस अध्ययनमा उत्तरदाता महिलाहरूको पारिवारिक जनसंख्या, सामाजिक आर्थिक पृष्ठभूमि, हिंसाको कारण हिंसा सहनुको कारण र हिंसाले के कस्तो असर पारिरहेको छ आदि बारे जानकारी लिइएको छ । अधिकांश उत्तरदातामहिलाहरू ३१ देखि ४० वर्ष उमेर समूहका रहेका छन् भने केही २०-३० वर्षका र केही महिला ४०-५० वर्ष उमेर समूहका रहेका छन् ।

प्रस्तुत अध्ययनमा उत्तरदाता महिलाहरू एकात्मक र संयुक्त परिवारमा रहँदै आएका छन् । अधिकांश उत्तरदाता महिलाहरू विवाहित र अविवाहित महिला रहेका छन् । जातिगत रुपमा हेर्दा अधिक महिलाहरू क्षेत्री र वाहुन रहेका छन् भने अन्य ठकुरी दलित योगी र थारु रहेका छन् । समग्र उत्तरदाता महिलाहरू अशिक्षित, सामान्य शिक्षित विद्यालय स्तरको पढाइ र क्याम्पस स्तर पढाइ गरेका छन् भने सबै भन्दा कम प्रतिशत महिलाहरू क्याम्पस अध्ययन गरेका छन् जसमध्ये अधिकांश महिला विद्यालय स्तर र सामान्य शिक्षित स्तरको पढाइ गरेका महिलाहरू  रहेका छन् ।

अधिक प्रतिशत उत्तरदाताका परिवारमा बैदेशिक रोजगार र ब्यापार पेसा अवलम्बन गरेका छन् भने केही जागिर, ज्याला मजदुरी, र कृर्षि सेवामा संलग्न रहेका   छन् । अधिकांश उत्तरदाता महिलाहरू घरमै बस्ने चुलो, चौको, घाँस, दाउरा, पानी पँधेरा गरी गृहीणीको रुपमा रहेका छन् भने कम प्रतिशत महिला व्यापार, सीपमुलक, जागिर जस्ता कार्य (पेसा) मा संलग्न रहेका छन् ।

प्रस्तुत अध्ययनमा अधिकांश महिलामाथि हुने हिंसाका घटना लोग्नेबाट हुने गरेको र अन्य महिला परिवारका अन्य सदस्य सासू, ससूरा र नन्द, देवरबाट हुने गरेको पाइएको छ भने विधवा महिला परिवार साथै समाजबाट हिंसा पीडित (अपहेलित) बनेको पाइन्छ । उत्तरदाता महिलाहरू माथि शारीरिक र मानसिक दुवै प्रकारका घटना भएको, गालिगलौज , अपमानजनक व्यवहार, गर्भपतन र यौनशोषणका शिकार बनेको पाइएको छ ।

समग्र उत्तरदाता माथि जाँड रक्सीको सेवनका कारण हिंसा हुने गरेको, त्यस्तै बहुविवाह, गरिबी तथा आर्थिक कारण, अशिक्षा, गर्भपतन, यौनशोषणका कारण हिंसा पीडित बनेका थिए । अधिक महिला श्रीमानको दवावले गर्दा हिंसा सहेको त्यसैगरी केही आफ्नो आय आर्जनको बाटो नभएको, घरबाट निकालिने डरले र केही महिलाहरू बच्चाहरूको भविष्यका लागि पनि हिंसा सहनु बाहेकको विकल्प नभएको पाइएको छ । यसरी महिला माथि भएको हिंसाको कारण शारीरिक र मानसिक दुवै किसिमको असर पर्न गएको पाइएको छ । अधिक महिलाहरूमाथि कुटपिटका कारण अनुहारमा निलडाम, शरीरमा मुक्का हानिएको जस्ता असर पर्न गएको पाइएको छ । केही महिलाहरूले समाज र संस्कृति अनुसार चल्नुपर्ने बाध्यताले पनि हिंसा सहेको पाइएको छ ।

कानुनी चेतनाको अभाव, प्रभावकारी रुपमा उपचार पाइन्छ भन्ने विश्वासको अभाव, अन्याय सहेर बस्नुपर्ने सामाजिक मान्यता, पितृसत्तात्मक सामाजिक संरचना, सरल र सुलभ रुपमा उपचार प्राप्त नहुने अवस्था आदि जस्ता कारणहरूले गर्दा महिलाबाट आफूमाथि भएका हिंसालाई सहेर बस्ने गरेको धारणा हिंसा पीडित महिलालाई सहयोग गर्ने संस्थाका सम्बन्धित व्यक्तिहरूको रहेको पाइयो ।

## ६.२ निष्कर्ष

छनौटमा परेका अधिकांश उत्तरदाता महिलाहरू अशिक्षित तथा सामान्य शिक्षित मात्र रहेको पाइयो भने शिक्षित महिलाहरू पनि रुढीवादी सामाजिक मानसिकतामा हुर्केका कारण आफ्नो अधिकारप्रति त्यती रुची नराख्ने वा वास्ता नगर्ने देखियो । छनौटका अधिकांश महिलाले आत्मनिर्भर हुने र स्वावलम्बी हुन नखोजेको होइन तर कतिपय अवस्थामा पारिवारीक झै झमेलाले गार्द उनीहरु घरभन्दा बाहिर काम गर्न नसक्ने अवस्था रहेको देखियो भने जागिरे महिलाहरू पनि जागिर पछि आफ्नो व्यक्तित्व विकास पछि नलागी त्यही हिंसात्मक श्रीमान र त्यसको परिवारको सेवा लिन भएको देखियो ।

उत्तरदाता महिलाहरू सबै उमेर समूहका भएता पनि ३१-४० उमेर समूह र विवाहित महिलाहरू अरु विधवा तथा अविवाहित भन्दा अधिक हिंसामा परेको अध्ययनले देखायो । महिलाहरू माथि हुने हिंसाको मात्रा शिक्षाले घटाउला जस्तो देखिएन किनकी अशिक्षित देखि विश्वविद्यालयसम्म शिक्षा प्राप्त गरेका श्रीमान तथा परिवारका अन्य सदस्यहरूबाट नै हिंसा हुने गरेको देखिएको छ । उत्तरदाता महिलाहरू पारिवारीक, सामाजिक, शारीरिक, मानसिक रुपमा हिंसाको शिकार हुँदै आएका भएता पनि आफुले यसलाई सहजै रुपमा लिएको र यस्तो पारिवारीक जीवनमा हुन्छ नै भन्ने मानसिकतामा पुगेको पनि देखियो । छनौटमा परेका महिलाबाट आफुले घरको र कार्यालयको काम दुबै भ्याएर पनि श्रीमान तथा घरका अरु कुनै सदस्यबाट त्यसको सराहना नगरी यो सामान्य हो उसले बुहारी वा श्रीमती हुँदा गर्नु पर्ने कर्तव्य हो भनी भन्ने गरेको पाइयो ।

छनौटमा परेका महिलाहरूको धारणामा महिलामाथीको हिंसाको कारण भनेको पितृसत्तात्मक सामाजिक संरचना नै हो । जसले गर्दा महिला पुरुष प्रतिको सामाजिक दृष्टिकोण फरक हुन पुगेको छ । साथै शिक्षाको क्षेत्रमा महिला वर्ग पछाडी परेको छ र शिक्षाको अभावले गर्दा नै महिलाले आर्थिक, राजनैतिक, सामाीजक हरेक क्षेत्रमा पछाडी पर्नु

परेको छ । सामाजिक परिवशेका कारणले गर्दा नै आफुलाई कमजोर तथा निर्भर ठान्ने मानसिशकता स्वयं महिलामा पनि विकास भैरहेको छ । जसले गर्दा पनि महिला प्रतिको हिंसाको घटनाले समाजमा झन-झन प्रश्रय पाउँदै गएको छ । त्यसैले पनि समाजमा विद्यमान रहेका महिला हिंसालाई कमगर्न अर्थात् रोक्नका लागि पनि महिला शिक्षामा विशेष जोड दिई महिला स्वयंमा आफ्नो अधिकारप्रति जनचेतना जगाउनुका साथै आफुलाई कमजोर ठान्ने मानसिकतामा परिवर्तन ल्याउन जरुरी छ ।

समाजमा महिला पुरुषको स्थान फरक मात्र नभई असमानतामा आधारित रहेको छ । यो असमानता लिङ्गभेद, महिला र पुरुषको फरक व्यक्तित्वका कारण नभई समाजको संरचनाको कारण भएको हो । पितृसत्तात्मक सामाजिक संरचनाका कारण नै भेदभाव शोषण, हिंसा, असमानता, दमन जस्ता परिणामहरू समाजमा देखिएका छन् । त्यसै कारण, महिला विरुद्धको हिंसा रोक्न यस्तो असमान सामाजिक ढाँचामा परिवर्तन ल्याउनु पर्ने देखिन्छ ।

महिला विरुद्धमा हुने हिंसा स्थान विशेष र सिमित स्वरुपमा मात्र रहेको हुँदैन । यसप्रकारको हिंसाबाट प्रायः सबै क्षेत्र तथा तहमा महिलाहरू आफू महिला भएकै कारणले विभिन्न प्रकारका हिंसात्मक व्यवहारको शिकार हुन पुगिरहेका छन् । यो समस्या कुनै एक स्थान विशेषको मात्र नभएर सम्पूर्ण मुलुक कै समस्याको रुपमा रहेको छ । सामान्यतया महिलामाथि हुने हिंसाका रुपमा शारिरीक, मानसिक, लैंगिक क्रियाकलापहरू जस्तै कुटपीट, गालीगलौज, बलात्कार, गर्भपतन आदि पर्दछन् । यस्ता लिङ्गमा आधारित हिंसाले महिलालाई मानव अधिकारको उपभोगबाट बञ्चित गर्नुका साथै उसको व्यक्तित्व विकासमा समेत बाधा पारिरहेका कारण यस्तो अवस्थाको अन्त्य गर्नाका निमित्त राज्य पक्षबाट नै जनचेतना जगाउने, महिला शिक्षामा जोड दिने, महिलालाई आफ्नो अधिकारप्रति सचेत गराउने अभियान जस्ता कार्यक्रमलाई तिव्रताका साथ संचालन गर्नुपर्ने देखिन्छ ।

सामाजिक विकृतिका रुपमा रहेको जाँड, रक्सी जस्ता मादक पदार्थको सेवन पनि महिला माथी हुने हिंसाको कारणका रुपमा अध्ययनका क्रममा देखिएको हुँदा यस्ता पदार्थको बेचबिखनका सम्बन्धमा कडा कानूनी व्यवस्था लागू गरी यस्ता पदार्थको बिक्री वितरणमा नियन्त्रण गरिनु पर्ने देखिन्छ । अध्ययनका क्रममा अधिक महिलाको आफ्नो आर्थिक श्रोत नभएको तथा लोग्ने लगायत परिवारमाथी आर्थिक रुपमा निर्भर रहनु परेको देखिन्छ ।

हिंसाको कारणका रुपमा अर्थ पनि पर्ने हुँदा महिलाको आत्मनिर्भरताका लागि सीपमूलक तालिम जस्ता कार्यक्रमहरू महिलालाई प्रदान गरी सशक्त बनाउनु पर्ने पनि देखिन्छ ।

वास्तविक न्यायको पहुँचमा महिलाहरूलाई पुऱ्याउनका निमित्त कानून पनि एक महतवपूर्ण साधन हो र महिला उत्थानका निमित्त उक्त साधनलाई विश्वसनीय भरपर्दो र समानतामा आधारित बनाउनु पर्ने हुन्छ । त्यतिमात्र होइन घरभित्र हिंसा हुन्छ भन्ने कुरालाई सबै पक्षले स्वीकार गर्नु र त्यसता व्यक्तिलाई संजाय दिलाउनु पर्छ भन्ने कुरामा एकमत हुनु घरेलु हिंसाविरुद्धको अभियानको अर्को महत्वपूर्ण उपलब्धि हो ।

कानून बन्नु सुदख कुरा हो । यद्यपि यसको कार्यान्वयन पक्ष केही जटिल हुनेछ । जबसम्म हिंसा खेप्ने महिलाले आफु हिंसाको शिकार भएको कुरा बाहिर ल्याउँदिनन् तबसम्म पीडक कारवाहीको प्रक्रियामा आउँदैनन् । आफ्नै घरका सदस्यहरूलाई प्रहरी तथा अदालतमा उभ्याउन सक्ने अवस्था त्यसबेला सम्भव हुन्छ, जुनबेला महिलाहरू आफै सक्षम हुन्छन् । शिक्षा, रोजगारी तथा आर्थिक रुपले सम्पन्न अवस्थामा बाहेक घरभित्र महिलाले विद्रोहको हिम्मत गर्नु चानचुने कुरा होइन । ग्रामिण भेगका महिलाहरूले यो कानूनबाट फाइदा लिने अवस्था अझै सिर्जना हुन सकेको छैन । सैद्धान्तिक र व्यवहारिक पक्ष फरक-फरक कुराहुन् कानूनले सकेसम्म पिडितले अप्ठ्यारो अवस्थाको सामना गर्नु नपरोस् भन्ने कुरामा ध्यान पुऱ्याउनु पर्छ तर एकपटक घर बिग्रिएपछि फेरी मेलमिलापको अवस्था सिर्जना हुन गाऱ्हो हुन्छ भन्ने कुरामा पनि ध्यान दिनु आवश्यक छ । कारण अहिले पनि घरबाट विद्रोह गरेकी महिलालाई समाजमा स्थापित हुन गाऱ्हो छ । कानूनले घरेलु हिंसाबाट पिडित महिलाको पक्षमा दिर्घकालीन सोच बनाउनु पर्छ । पीडकलाई सजाँयको व्यवस्था गरेर मात्र यो समस्या समाधान होला जस्तो लाग्दैन ।

# सन्दर्भग्रन्थ सूची


अन्तरिम संविधान (२०६३), नेपालको अन्तरिम संविधान, काठमाडौं : नेपाल सरकार कानून किताब व्यवस्था समिति ।

अभियान दैनिक (२०७३), छोराको लागि श्रीमतीले गराइन श्रीमानको विवाह, कञ्चनपुर : अभियान पब्लिकेशन ।

ओरेक नेपाल (२०६८), अन्वेशी २०११ महिलामाथि हुने हिंसाको यथार्थ मासिक प्रतिवेदन, काठमाडौं : ओरेक नेपाल ।

थपालिया, शान्ता (२०५८), महिला बिरुद्धको घरेलु हिंसा, प्रतिवेदन, काठमाडौं : न्याय सेवा आयोग सचिवालय ।

दाहाल, काशिराज (२०५८), महिला विरुद्धको अपराध र नियन्त्रण सम्बन्धी कानूनी पक्ष प्रतिवेदन, काठमाडौं : न्याय सेवा आयोग सचिवालय ।

पौड्याल, विणा (२०६७), विविध आयाममा नेपाली महिला, काठमाडौं : पैरवी बुक हाउस ।

प्रश्रित, मोदनाथ (२००१), जातपात र छुवाछुतको उत्पत्ति र विकास, काठमाडौं : साझा प्रकाशन ।

भण्डारी, ऋतुराज (२०६६), महिला अधिकार, काठमाडौं : राष्ट्रिय महिला आयोग ।

मल्ल, सपना (२०५८), यौनजन्य दुर्व्यवहार प्रतिवेदन, लैङ्गिक समताको मूल प्रवाहिकरण कार्यक्रम ।

महिला कानून र विकास मञ्च (२०५९), महिला विरुद्धको सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धी CEDAW, धारा - ६ ।

तथ्याङ्क विभाग (२०६८), राष्ट्रिय जनगणना, भिनपा कञ्चनपुर ।

वि.स्वा.सं. (१९९७), महिला हिसां सम्बन्धि प्रतिवेदन, जेनेभा : विश्व स्वास्थ्य संगठन ।

Acharya, Mina (1997), Gender Equality and Empowerment of Women- A Study Report Kathmandu: UNFPA.

Ahuja, Ram (1998), Violence Against women. Delhi: Rawat Publication.

Beijing Declaration (1995), Beijing Declaration and Platform for Action: Fourth World Conference on Women. New York: United Nation.

Bennett, Lynn (1983), Dangerous wives and sacred sister: Social and Symbolic roles of High Caste Women in Nepal. New York: Columbia University Press.

Bernard, Jessie (1972), The future of marriage: Being a house wife makes women sick. New York: World Publishing Timer Mirror.

Bhasin, Kamala (1993), Understanding Gender. New Delhi: Kali for Women.

LACC (2073), Conflict and violence against women. Kanchanpur: Legal Aid consultancy Center (LACC).

Ritzer, George (1996), Modern Sociological Theory. New Delhi: McGrow Hill Company.

SAATHI and the Asia Foundation (1997), A situation analysis of violence against women and girls in Nepal. Kathmandu: SATHI.

UN (1995), Beiging platform action. New York: United Nation.

UNDP (2005), Human Development Report. Kathmandu: UNDP.

UNICEF, (2006). Situation analysis of women and children in Kathmandu: *A country Report*, Nepal.

WHO (2005), WHO Multi-Country Study on Women's Health and Domestic Violence against women. Genava: WHO.

## प्रश्नावलीहरु

## घरधुरी सर्वेक्षणका लागि तयार पारिएको प्रश्नावली

१. घरधुरी संख्या : मिति :

२. उत्तरतादाको पूरा नाम :

लिङ्ग : वैवाहिक स्थिति :

जिल्लाः उमेर :

वडा नं. :

प्रमुख व्यवसाय/पेसा : धर्म :

शिक्षा : जाति/जनजाति :

३. पारिवारिक विवरण :

| क.स. | परिवारको सदस्यको नाम | नाता | उमेर | लिङ्ग | पेसा | वैवाहिक स्थिति | शिक्षा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

४. तपाईले विवाह गर्नु भएको कति भयो ?

..........................................................................................

५. तपाईले विधालय शिक्षा लिनु भएको छ ?छैन भने किन?

..........................................................................................

६. तपाईको विचारमा छोरीलाई पढाउन आवश्यक छ कि छैन ?

क) छ ख) छैन

७. छोरीलाई कतिसम्म पढाउन चाहनुहुन्छ ?

क) प्राथमिक ख) माध्यमिक ग) उच्च शिक्षा

८. छोरीलाई पढ्न नपठाउनुको कारण के होला ?

क) घरमा काम गर्ने मानिसको अभाव भाएकोले

ख) विवाह गरी अर्काको घर जाने भएकोले

ग) आर्थिक अभाव भएकोले

घ) विद्यालय नजिक नभएर ङ) अन्य

९. विवाह कुन उमेरमा गर्नु भएको थियो ?

...............................................................

१०. तपाईको पेसा के हो ?

क) कृषि ख) व्यापार/व्यवसाय

ग) वैदेशिक रोजगार घ) ज्यालादारी/मजदुरी

ङ) सरकारी जागिर च) अन्य

११. तपाईको श्रीमानले के काम गर्नुहुन्छ ?

......................................................................

१२. तपाईको आम्दानीको मुख्य स्रोत के हो ?

.......................................................................

१३. तपाई वा तपाईको घर परिवार संग के कति जग्गा जमिन रहेको छ?

.......................................................................................

१४. जग्गा जमिनबाट उत्पादित अन्नले वार्षिक कति सम्मको लागि खान पुग्छ ?

...................................................................................

१५. घरायसी काम परिवारमा कुन कुन सदस्यबाट हुने गरेका छन् ?

क) ......................... ख) .....................ग) ......................

१६. तपाईको समुदायमा महिलाहरू बढी जसो कुन पेसामा संलग्न छन् ?

...........................................................................................

१७. के तपाई, तपाईको घर र वरिपरि महिला माथि हुने गरेको घरेलु हिंसाको बारेमा सुन्नु भएको छ ?

क) छ　　　　　　　ख) छैन

१८. यदि छ भने कस्तो खालको हिंसा हुने गरेका छन् ?

क) .............................. ख) ....................

ग) ............................. घ) .......................

१९. परिवारमा के कति कारणले झगडाको स्थिति उत्पन्न हुने गरेका छन् ?

क) .............................. ख) ....................

ग) ............................. घ) .......................

२०. तपाईप्रति भएको हिंसा के तपाईको श्रीमानबाट मात्र गरिएको छ ?

क) छ　　　　　　　ख) छैन

२१. यदि श्रीमानबाट मात्र हिंसा भएको छैन भने तपाईले परिवारका कुन कुन सदस्यबाट हिंसा सहनु भएको छ ?

क) .............................. ख) ....................

ग) ............................. घ) .......................

२२. तपाईले हिंसा सहनु भएको छ भने कस्तो प्रकारको हिंसा सहनु भएको छ ?

क) शारीरिक यातना　　　　ख) मानसिक यातना

ग) दाइजोको कारणबाट घर निकाला　　　　घ) अन्य कारण

२३. महिला माथि हुने घरेलु हिंसा कस्तो किसिमको हुन्छ ?

क) मौखिक रुपमा झगडा　　　　ख) यौन दुर्व्यवहार

ग) दाइजोको कारणले हुने दुर्व्यवहार

घ) समान कार्यमा असमान ज्याला　　　　ङ) बलात्कार

च) बालविवाह　　　　छ) बहुविवाह

ज) जिस्काउने ⁄ खिज्याउने ⁄ पिरोल्ने          झ) वैवाहिक बलात्कार

ञ) चेलीबेटी बेचबिखन          ट) बोक्सीको आरोप

२४. तपाईप्रति गरिने हिंसात्मक व्यवहार घरबाट बाहिर जाँदाआउँदा प्रायः कसले देखाउँछ?

क) श्रीमान          ख) सासु          ग) ससुरा

घ) देवर          ङ) नन्द

२५. घरेलु हिंसाबाट पीडित महिलालाई सुरक्षा गर्ने कुनै सङ्गठन छ ?

क) छ          ख) छैन

२६. यदि छ भने कहाँ र कुन सङ्गठन हो ?

..........................................................

२७. महिला माथि गरिएको घरेलु हिंसा रोक्ने सम्भाव्य उपाय के हो त ?

.....................................................

२८. खास तपाईप्रति गरिने घरेलु हिंसा कुन बेला देखाइन्छ ?

क) रक्सी सेवन गरेपछि          ख) Drugs लिएपछि

ग) जुवा ⁄ तास खेलपछि          घ) अन्य कुनै

२९. तपाईप्रति भएको हिंसा सम्बन्धमा तपाईले कुनै निकायलाई जानकारी दिनु भएको छ?

क) छ          ख) छैन

३०. यदि छैन भने किन ?

क) आफ्नो इज्जत जाने डर          ख) समाजबाट निकालिने डर

ग) घरबाट निकालिने डर          घ) अन्य

३१. यदि छ भने निकायले कस्तो प्रतिक्रिया देखायो ?

.........................................................................................

३२. घरेलु हिंसा सम्बन्धी घटनाहरूको विवरण दिन महिलाहरूलाई के कुराले रोकेको छ ?

क) शिक्षाको कमी र अस्विकार        ख) सामाजिक दवाव

ग) आर्थिक कारण        घ) पुरुष दवाव

ङ) संस्कृति र परम्परा

च) अधिकारप्रति नकारात्मक अवधारणा        छ) अन्य कारण

३३. महिलाप्रति गरिएका हिंसात्मक घटना हटाउन कुन कुन पक्षमा सुधार गर्नुपर्ला ?

क) ...............................        ख) ....................

ग) ..............................        घ) ........................